वर्ष : १४, अंक : ३४, काठमाडौं, २०७५ मंसिर २८ गते शुक्रबार 14 December 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## यादव-मोदी भेटवार्ता



काठमाडौं । उपप्रधानमन्त्री एवम् स्वास्थ्य मन्त्री उपेन्द्र यादव र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच नयाँ दिल्लीमा भेटवार्ता भएको छ । दिल्लीमा स्वास्थ्यसम्बन्धी कार्यक्रम 'पाटनर्स फोरम'मा सहभागी हुन पुगेका यादव र मोदीबीच भेटवार्ता भएको हो । भेटमा मातृ मृत्युदर, बाल मृत्युदर कम गर्ने र बाल स्वास्थ्यमा लगानी बढाउने विषयमा छलफल भएको जनाइएको छ । स्वास्थ्यमन्त्री यादवले सम्बोधन गरेको उक्त कार्यक्रममा भारतीय प्रधानमन्त्री मोदी प्रमुख अतिथि रहेका थिए ।

## सीकेलाई रिहा गर्न माग

काठमाडौं । स्वतन्त्र मधेश गठबन्धनले आफ्ना संयोजक सीके राउतलाई रिहा गर्न माग गरेको छ । गठबन्धनका प्रवक्ता अब्दुल खानले सार्वजनिक अपिलमार्फत राउतलाई रिहा गर्न माग गरेका हुन् । उनले राउतमाथि सरकारले लगातार दमन गरेको र गैर न्यायिक हिरासतमा राखेको आरोप लगाउँदै राउतको परिवारलाई विचल्लीमा पारेको जिकिर गरेका छन् । राउत अहिले संगठित अपराध र राजद्रोहको मुद्दामा अनुसन्धानका लागि रौतहट कारागारमा छन् । उनलाई यातना दिन जेल पठाइएको गठबन्धनको आशंका छन् । 'राउतमाथि लगाइएका ११ मुद्दामध्ये ५ राजद्रोहको मुद्दामा विशेष अदालतले नै सफाई दिइसक्केको छ । सर्वोच्च अदालतबाट समेत राउतले लेखेका किताब, भाषण, नारा तथा क्रियाकलापहरू कुनै पनि किसिमको राजद्रोह या गैरन्यायिक होइनन् भनी नजिर कायम भइसक्केको छ', प्रवक्ता खानद्वारा जारी अपिलमा भनिएको छ, 'राउत र उनका परिवारमाथि सरकारले क्रुरतापूर्वक अत्याचार गरि बाँच्न नै मुश्किल बनाईदिएको छ ।'

## विवेकले हतियार बुझायो

विराटनगर । अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चा विवेक समूहले सरकारी वार्ता टोलीलाई तीन थान पेस्तोल बुझाएको छ । उनीहरूले जिल्ला प्रशासन कार्यालय मोरङमा हतियार बुझाएर सार्वजनिक भएका हुन् । सप्तरीको जमुनी मधेपुरा ४ बस्ने मोर्चाका अध्यक्ष विवेक भन्ने विनोदकुमार यादव, केन्द्रीय सदस्य सुनसरीको कोशी गाउँपालिका ८ का रामु भन्ने रामनन्दनकुमार कामैत, सप्तरीको गोबरगाढा २ का चन्द्रशेखर भन्ने विनायक कुमार यादव र त्रिकौल ४ का जयप्रकाश लिचपुरिया सार्वजनिक भएका हुन् । उनीहरूले सरकारी वार्ता टोलीका संयोजक सोमप्रसाद पाण्डेलाई दुई थान कट्टुवा पेस्तोल र एक थान लोकल मेड पेस्तोल बुझाएका हुन् । उनीहरू जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट छुटिएर पूर्वी मधेशमा सशस्त्र गतिविधि गर्दै आएका थिए । मोर्चाका अध्यक्ष यादवले आफूहरूले खुल्ला राजनीतिमा आएर देश र जनताको सेवा गर्ने उद्देश्यले हतियार बुझाएर सार्वजनिक भएको बताए । यादवले आफूहरूसँग भएको तीन वटा पेस्तोल बुझाएको र बाँकी हतियार पुस ७ गतेभित्र संकलन गरेर बुझाउने बताए ।

# मधेशी दलबीच एकताको चर्चा

## 'संकट आउँदा एकीकरणको कार्ड खेल्नु नयाँ होइन'

**मधेशवाणी डेस्क**

काठमाडौं । संविधान संशोधनको मुद्दा भजाएर केपी ओली नेतृत्वको सरकारमा सहभागी संघीय समाजवादी फोरम नेपालले मधेशी दलसँग एकताका लागि प्रयास थालेको छ ।

पार्टीको हालै काठमाडौंमा बसेको केन्द्रीय समितिको बैठकले राजपा नेपालसहित मधेशमा रहेका अन्य दलहरूसँग एकताका लागि वार्ता समिति बनाएको छ ।

पार्टीका सहअध्यक्ष राजेन्द्र श्रेष्ठको नेतृत्वमा बनेको वार्ता समितिको सदस्यमा उपाध्यक्ष तथा राजनीतिक समितिका सदस्य रकम चेम्जोङ, महासचिव रामसहाय यादव, उपमहासचिव प्रकाश अधिकारी, सचिव मोहम्मद इस्तियाक राई र राजनीतिक समिति सदस्य महेन्द्र थापामगर छन् ।

पार्टी एकीकरणका लागि वार्ता टोली गठन गर्ने भनी राजनीतिक समितिबाट केन्द्रीय समितिमा प्रस्ताव आएको हो । यद्यपी राजपा नेपालसँग मात्र नभई मुद्दा र विचार मिल्ने अन्य दलहरूसँग एकीकरण गर्नका लागि वार्ता समिति गठन गरिएको फोरमले स्पष्ट पारेको छ । फोरमले मुद्दा र विचार मिल्ने जो कोहीसँग एकीकरण हुने बताएको छ ।

राजपा नेपाल र फोरम नेपालबीच एकीकरणका लागि पहिलादेखि नै छलफल हुँदै आएको हो । राजपा नेपालका अध्यक्षमण्डलका सदस्य महन्थ ठाकुर र फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवबीच यसअघि पनि एकीकरणका लागि छलफल भएको हो । दुई दलबीच एकीकरणका लागि दोस्रो तहका नेताहरूबीच पनि पटक-पटक छलफल भइसकेको छ । तर, राजपा नेपालभित्र आन्तरिक विवाद शुरू भएपछि वार्ता र छलफल हाललाई स्थगित रहेको छ ।



प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा आपसी तालमेलका आधारमा चुनावमा भिडेका राजपा र फोरमबीच एकीकरणको प्रयासलाई अर्थपूर्ण मानिएको छ । यसअघि राजपा राजनीतिक दल नभई केही मठाधीशहरूको झुण्डमात्र रहेको बताउँदै आएका फोरम अध्यक्ष उपेन्द्र यादवले राजपासँग वार्ता आह्वान गर्दै वार्ता समितिसमेत बनाउनु उनको राजनीतिक चातुर्यता रहेको विश्लेषण गरिएको छ ।

फोरमले वार्ता कमिटी अहिले बनाए पनि दुई दलबीच एकीकरणका लागि विगत ६ महिनादेखि प्रयास भइरहेको राजपाका एक नेताले खुलासा गरे । पार्टी एकीकरण गर्न दुई दलबीच पटक/पटक छलफलसमेत भएको उनको भनाइ छ । दुई दलबीचको एकीकरणका सम्बन्धमा राजपाका तत्कालीन संयोजक ठाकुर पनि सकारात्मक छन् । तर फोरम अध्यक्ष यादव भने ठाकुरको नेतृत्वमा बस्न रूचाएका छैनन् ।

यद्यपी मधेशी दलहरूबीच एकताको प्रयास हुनु राम्रो कुरा हो । यसअघि पनि मधेशका ६ वटा दलहरू एकीकृत भएर राजपा बनेको दृष्टान्त रहेको छ । तर एकता केका लागि, किन र कसरी गर्ने भन्ने विषयमा प्रस्टता हुन जरूरी छ । पार्टीमा फुटेर र सरकारमा जुटेर बस्ने चरित्रका कारण मधेशको राजनीति हास्यका विषय भएको छ । आफ्नै पार्टी फोड्ने र सरकार भित्र छिर्ने सिद्धान्तविहीन नेताहरूको कार्यशैलीका कारण आज सिंगो मधेश बदनाम छ ।

सत्ताका लागि मात्र एकीकरण गर्ने हो भने यस्तो एकीकरणको कुनै अर्थ र भविष्य रहँदैन ।

मधेशी जनताले मधेशी नेतृत्वको कमजोरी र कार्यशैलीबारे राम्ररी बुझेका छन् । जब जब नेतृत्व कमजोर हुन्छ तब तब उनीहरू एकताको कार्ड फाल्ने गर्छन् । त्यसैले हास्यास्पद, नाटक मञ्चन गरेर मधेशलाई बदनाम गराउने र मधेशी शक्तिहरूको रगतको अपमान गर्ने कार्य कम्तीमा एकताको नाममा गरिनु हुन्न ।

सरकारमा सामेल भएयता फोरम अध्यक्ष यादवको लोकप्रियता खस्कदै गएको छ । संविधान संशोधनलाई प्रमुख एजेण्डा बनाई सरकारमा सहभागी भएको फोरम अध्यक्ष यादवले हालसम्म त्यो मुद्दा अगाडि बढाउन सफल हुन सकेका छैनन् । मधेशका जनताबीच खस्कदै गएको साख जोगाउन उनले एकीकरणको 'स्टन्ट' गरेको बुझ्न गाह्रो छैन ।

पार्टी भित्र आलोचित भएपछि यादवले एकताको नाममा मुद्दालाई अन्यत्र मोड्न राणनीति अपनाएका छन् । यदि मधेशी दलबीच एकता हुने चाहना नै उनको छ भने किन यसको प्रयास निर्वाचन अघि गरिएन, अहिले आएर एकताका लागि हातेमालो गर्नुको के अर्थ जस्ता अनेकौं प्रश्नहरू उब्जिएको छ ।

यता, राजपा पनि आन्तरिक कलहले थिचिएको छ । नेतृत्व परिवर्तन भएसँग पार्टी दुई गुटमा स्पष्ट विभाजित भएको छ । पार्टी भित्रको आन्तरिक कलहले गर्दा कार्यकर्ता निराश छन् । पार्टीको नयाँ नेतृत्वलाई आगामी बैशाखमा पहिलो महाधिवेशन गर्ने दायित्व छ तर उसलाई थुप्रै चुनौतीहरूको पनि सामना गर्नु परेको छ । त्यसैले राजपाको नयाँ नेतृत्वले पनि एकताको कार्ड खेलेर आफ्नो कमजोरी ढाकछोप नगर्ला भन्न सकिन्न ।



एउटा तुक्का फाल्ने काम गर्छन्, त्यसमध्ये यो पनि एउटा तुक्का नै हो । तर, बेतुकको तुक्का हो, यसमा दम छैन । उहाँहरू इमान्दारीपूर्वक एकीकरणको प्रयास गर्नुहुन्न :

**हृदयेश त्रिपाठी**

विशेष अन्तर्वार्ता पृष्ठ ३ मा

### 'फोरमसँग एकता सम्भव छैन'



विराटनगर । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका संयोजक राजेन्द्र महतोले सत्तारूढ संघीय समाजवादी फोरम नेपालसँग एकताको सम्भावना नरहेको बताएका छन् । फोरमले मुद्दा मिल्ने राजनीतिक दलहरूसँग एकताका लागि वार्ता समिति बनाएको बेला राजपा संयोजक महतोले यस्तो प्रक्रिया दिएका हुन् । उनले संविधान संशोधन नभएसम्म सरकारमा नजाने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् । सरकारमा जान पूर्वसंयोजक महन्थ ठाकुर बाधक बनेकोले संयोजकबाट हटाइएको आरोप लागिरहँदा नवनियुक्त संयोजकले यस्तो प्रतिबद्धता जनाएका हुन् । विराटनगरमा मंगलबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले संविधान संशोधन नभएसम्म सरकारमा सहभागी हुने सम्भावना नरहेको स्पष्ट गरेका हुन् । "सरकारलाई दिएको समर्थनको बारेमा अब बस्ने पार्टीको बैठकमा गम्भीर छलफल हुनेछ" संयोजक महतोले भने । उनले गुण र दोषको आधारमा सरकारलाई समर्थन गरिने समेत बताए । सरकार गठन भएको एकवर्ष पुग्न लाग्दा पनि आफूहरूको मागप्रति सरकार उदासीन देखिएको उनको गुनासो छ । उनले रेशम चौधरीलगायत मधेश आन्दोलनमा पक्राउ परेका बन्दीको रिहाइ गर्न उनले सरकारसँग आग्रह गरेका हुन् ।

## 'राम-सीता नेपाल र भारतका साझा सभ्यता'

काठमाडौं । भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले भगवान राम र माता सीताको जीवन दुवै देशको धर्म संस्कृति र सभ्यताको अंग भएको बताएका छन् । राम-सीताले पालना गरेको आदर्श र मूल्यहरूले सबैलाई प्रेरणा दिने उनको लिखित सन्देशमा उल्लेख छ । विवाह पञ्चमी महोत्सवमा मुख्य अतिथिको रूपमा आएका आदित्यनाथले जानकी मन्दिरमा पूजाअर्चना गरेका थिए । त्यसपछि उनले लिखित सन्देश दिएका हुन् । उनले जनकपुरधाममा पूजाअर्चना गर्न र महाराज जनकको भूमिको यात्रा गर्न पाएकोमा आफू धन्य भएको उल्लेख गरेका छन् । साथै आफ्नो प्रतिनिधिमण्डलको भव्य स्वागत गरिएकोमा उनले नेपाल सरकार र जनकपुरका जनतालाई धन्यवाद दिएका छन् । सीताराम विवाह महोत्सवअन्तर्गत अयोध्याबाट जन्तीमा आएका भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई प्रदेश नं २ सरकारले सम्मान गरेको छ । मधेश भवनमा आयोजित सम्मान समारोहमा प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले उत्तर प्रदेशका मुख्यमन्त्री योगीलाई स्वागत गर्दै अभिनन्दन पत्र प्रदान गरे । मुख्यमन्त्री राउतले अभिनन्दन पत्रमा नेपाल भारतको धार्मिक, सांस्कृतिक विशिष्टता अनुकरणीय रहेको चर्चा गर्दै लोकतन्त्रको सुदृढीकरण अभियानमा सबैको सहयोग र प्रतिबद्धताका लागि आग्रह गरे ।

यसैबीच भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ प्रदेश नं २ को सरकारद्वारा आयोजित भण्डारा (दिवा भोज) मा पनि सरिक भए । भण्डारामा ३६ प्रकारको ब्यञ्जन पस्किइएको थियो । ब्यजनमा दाल, भात, कजौरीपालक पुरी, रोटी, गाँजरको हलुवा, पेडा, तीन प्रकारको रसबरी, दही, राजभोग, गुलाब जामुन र तरकारी लगायतका विभिन्न परिकार पस्किइएको थियो ।




समय-सन्दर्भ

**संगीता रेग्मी**



## विवादको चगुंलमा राजपा, सत्तारोहणको खेल

क्षेत्रीय दलको आरोप खेपी रहेको राष्ट्रिय जनता पार्टी नेपाल पटक-पटक आफ्नै आन्तरिक कारणले विवादमा तानिदै आएको छ । सोच, शैली, परिणाम र प्रभावबीच तालमेल नमिल्दा प्रयोजनविहीन बन्दै गएको नेतृत्वभित्र थप विवाद चुलिएको छ । मधेशी कर्मचारी मञ्चका पूर्व अध्यक्ष विनोद सिंहलाई प्रदेश २ को प्रदेशसभा सदस्यमा समानुपातिक सिटमा मनोनित नगरेको भन्दै पार्टी कार्यालय तोडफोड हुँदाको बखत होस् वा ६ वटा पार्टी मिलेर राजपा बनिसक्दा पनि तत्कालीन तमलोपाको पार्टी कार्यालय अस्तित्वमा रहनु, पार्टी कार्यालयका कर्मचारीले आर्थिक अनियमितताको चर्चा चल्नु, पार्टी भित्रका आन्तरिक विषयलाई लिएर गुटबन्दी गरेको आरोपमा सबै कर्मचारीलाई निलम्बन गरिएको विषय होस्, यस्ता विषयहरू राजपालाई कमजोर बनाउँदै पार्टीभित्र रहेको विवादलाई सतहमा ल्याउन प्रमुख कारक बनेको छ ।

२०७४ बैशाखमा तत्कालीन ६ मधेशकेन्द्रित दलहरूबीच एकीकरण भई गठन भएको राजपा नेपाल संघीय संसदभित्र मधेश मुद्दाको प्रतिनिधित्वको दाबी गर्ने सबैभन्दा ठूलो दल हो । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम संविधान संशोधनको एजेन्डा लिएर सरकारमा सहभागी भईसक्केको अवस्थामा सत्ता बाहिर बसेर मधेशको मुद्दा सम्बोधन गराउन दबाब दिने पार्टीको हैसियतमा राजपा नेपाल मात्र रहेको छ । सरकारलाई समर्थन दिएर सरकारमा सहभागी नभई बसेको राजपा नेपाल फेरि अर्को विवादमा अल्झिएको छ । मंसिर ४ मा बसेको अध्यक्षमण्डलको बैठकले पार्टी विधान विपरित बहुमतबाट संयोजक परिवर्तन गर्ने निर्णयसँगै पार्टीभित्र विभिन्न विषयहरू अगाडि आएका छन् । राजपाको विधानको धारा १६ को २ मा पार्टीले गर्ने हरेक निर्णय अध्यक्षमण्डलको सर्वसम्मतबाट हुनुपर्ने व्यवथा गरिएको छ । तर मंसिर ४ मा संयोजक परिर्वतन गर्ने निर्णय बहमुतबाट गरिएको थियो । विगत डेढ वर्षभन्दा बढी समयदेखि संयोजक रहँदै आएका महन्थ ठाकुरलाई हटाएर महाधिवेशको तयारीमा लाग्नुपर्ने समयमा संयोजक परिवर्तन गरिएको भनेर ठाकुर पक्षीय नेताहरू आक्रोशित भएका छन् भने अर्कोतिर विधानमा भएको व्यवस्थाअनुसार नै चक्रीय प्रणाली मार्फत संयोजक परिवर्तन भएको राजेन्द्र महतो पक्षका कार्यकर्ताहरूको तर्क छ ।

राजपा पार्टी निर्माणमा ठूलो योगदान दिएका र पछि स्वतन्त्र राजनीतिक समूह निर्माण गरी बाम गठबन्धनसँग सहकार्य गरेर चुनाव लडेका स्वतन्त्र राजनीतिक समूहका संयोजक हृदेश त्रिपाठी सरकारमा सहभागी हुन महन्थ ठाकुर मुख्य बाधक भएकोले राजपाले उनलाई संयोजकबाट हटाएको आरोप लगाउँछन् । छठपछि सरकारलाई दिएको समर्थन फिर्ता लिने राजपाका नेताहरूका अभिव्यक्तिको विषयलाई लिएर त्रिपाठी भन्छन्-'यो बार्गेनिङ्ग होइन, त्यो एउटा कुण्ठा थियो । सरकारमा जान नपाएको कुण्ठाको अभिव्यक्ति थियो । फोरम त त्यो कुण्ठा तोडेर सरकारमा गइसक्यो । जबकि फोरमका उपेन्द्र यादवले संविधान संशोधन होइन पुनर्लेखन नै गर्नुपर्छ भन्ने नारा लिएर अगाडि बढ्नुभएको थियो । अहिले राजपा भित्रका जे-जस्ता विषयहरू बाहिरिरहेका छन् त्यो सबैको मुख्य तर गोप्य लक्ष्य प्रयास सत्ता प्राप्ति नै हो ।'

> "मधेशी जनताको भूमि, भावना र भविष्यप्रति गम्भीर नरहने दललाई मधेशवादी दल भनी राख्नु अनुचित हुन्छ । आफूले बनाएको विधान विपरित निर्णय गर्ने अध्यक्षमण्डललाई दलको नेतृत्व गर्ने छुट छ ?"

आगामी वैशाख ७, ८ र ९ गते महाधिवेशनको मिति तोकेर तयारीमा जुटेको राजपामा संयोजक परिवर्तनसँगै तोकिएको समयमा महाधिवेशन नहुने हो कि भन्ने आशंका बढ्दै गएको छ । राजेन्द्र महतोको राजनीतिक पृष्ठभूमि हेर्दा सत्ता स्वार्थ हाबी देखिएकोले पार्टी महतोको चंगुलमा फस्ने पो हो कि भन्ने त्रास पनि पार्टी भित्रका दोस्रो तहका नेताहरूमा बढ्दै गएको छ ।

संविधान संशोधन हुनुपर्ने मुख्य मागसँगै रेशम चौधरीको रिहाई तथा सपथग्रहण, झुठा मुद्दा लागेका राजबन्दीहरूको रिहाई तथा मुद्दा फिर्ता, मधेश आन्दोलनका घाईतेहरूको उपचार खर्च र मृतकको परिवारलाई क्षतिपूर्ति, शहीद घोषणा हुन बाँकीहरूलाई शहिद घोषणा गर्नुपर्ने जस्ता मागहरू सम्बोधन हुनुपर्ने भन्दै सरकार बाहिर रहेको राजपा नेपालका अध्यक्षमण्डलका केही सदस्यहरू यस्ता मुद्दाहरूलाई बेवास्ता गर्दै सत्तामा जान हतारिनु गलत भएको पार्टी भित्रकै दोस्रो तहका नेताहरूको आरोप छ ।

मधेशको मुद्दा देशकै मुद्दा भईसक्केको अवस्थामा अब राजपा वा फोरमले मात्र यो मुद्दा सम्बोधन गर्नुपर्छ भन्ने अवस्था छैन । सत्तासीन दल हुन् वा प्रतिपक्ष दल, जसले मधेशी जनताको भावना अनुरूप संविधान संशोधन लगायतका मुद्दाहरू सम्बोधन गर्न सक्छ आगामी निर्वाचनमा मधेशको मत त्यतातिर मोडिने निश्चित छ । मधेशलाई साँगै लिएर नगइकन समग्रतामा नेपाल समृद्धिको यात्रामा अगाडि बढ्न सक्दैन भन्ने निष्कर्षमा अब सबै राजनीतिक दलहरूले सोच्नुपर्ने अवस्था आइसकेको छ ।



## सम्पादकीय



# योगीको भ्रमण र नेपाल-भारत सम्बन्ध

भारत उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी ६ घण्टे भ्रमणका लागि विवाह पञ्चमीको अवसरमा जनकपुर आएर फर्केका छन् । प्रदेश सरकारले उनको स्वागतका लागि कुनै कसर बाँकी राखेनन् । मिथिलाको परम्पराअनुसार उनको स्वागत गरियो भने ३६ प्रकारको व्यञ्जनबाट सत्कार गरियो ।

मूलत: उत्तर प्रदेशका मुख्यमन्त्रीको जनकपुर भ्रमण धार्मिक रहे पनि यसले दुई देशको सम्बन्धलाई थप उजागर गर्ने मौका दिएको छ। रामको जन्मभूमि अयोध्या आदित्यनाथ मुख्यमन्त्री रहेको उत्तर प्रदेशकै धार्मिक सहर हो। राजनीतिमा छिर्नुअघि उनी योगी (साधु) नै थिए। यता जनकपुर सीताको जन्मभूमि हो । यी दुवै धार्मिक सहरबीच त्रेतायुगदेखिकै सम्बन्ध छ । सीतालाई भारतका हिन्दूले सती सावित्री ठान्दछन्। उनको जन्मभूमि जनकपुरप्रति भारतीयको अगाध आस्था छ। नेपाल-भारतबीच प्राचीन सम्बन्ध छ। जनकपुर-अयोध्याको आफ्नै खाले भाइचारा छ। पुरानै सम्बन्धलाई नयाँ आयाम दिन भ्रमण भएकाले त्यसबाट दुवै देशलाई फाइदा पुग्ने देखिन्छ ।

**नेपाल र भारतबीचको परस्परको अन्योन्याश्रित सम्बन्धको गरिमा बढाउने गरी योगीलाई जन्तीसहित पठाउने निर्णय भारत सरकारले गर्नु भनेको उसले जनकपुरलाई उच्च महत्व दिएको प्रतीत हुन्छ।**

जनकपुरधाममा विवाह पञ्चमीको रमझममा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ आएर नेपाल-भारत सम्बन्धलाई नयाँ आयाममा बदल्न खोज्नु नै आजको आवश्यक्ता हो । यसबाट नेपाल-भारत सम्बन्ध अझ मजबुत बन्ने विश्वास गर्न सकिन्छ ।

नेपाल र भारतबीच रोटीबेटीको सम्बन्ध मात्र नभई परस्परको सांस्कृतिक समानताको महत्व पनि यस भ्रमणबाट अझ प्रष्टिएको छ। नेपाल र भारतबीचको परस्परको अन्योन्याश्रित सम्बन्धको गरिमा बढाउने गरी योगीलाई जन्तीसहित पठाउने निर्णय भारत सरकारले गर्नु भनेको उसले जनकपुरलाई उच्च महत्व दिएको प्रतीत हुन्छ। योगी आदित्यनाथ विवाह पञ्चमीमा जन्ती लिएर अयोध्याबाट जनकपुरधाम आउनु र जन्तीसहित उतै फर्कनुलाई महत्वका साथ हेरिएको छ। यसले जनकपुरको गरिमालाई झन बनाएको छ भने नेपाल र भारतबीचको सम्बन्धको दायरा पनि फराकिलो पारेको छ ।

ज्ञातव्य के छ भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुर भ्रमणको क्रममा जनकपुरदेखि अयोध्याधाम सम्मको लागि बस सेवा प्रारम्भ गरेका थिए। सो सेवालाई उत्तरप्रदेश र प्रदेश २ को सरकारले निरन्तरता दिइनु पर्छ। त्यस कारण उनले नेपाल र भारतबीच कनेक्टिभिटीमा जोड पनि दिए ।

दुई देशको विकासका लागि कृषि, सांस्कृतिक पर्यटन, सिस्टर सिटीको आवधारणा उनले अगाडि सार्नु पक्कै पनि जनकपुरको हितमा छ ।

जनकपुर र अयोध्याबचिको दुरी घटाउन सके भारतबाट ठूलो संख्यामा धामिर्क पर्यटक जनकपुर ल्याउन सकिन्छ। यसका लागि प्रदेश २ को सरकारले पनि आफनो तयारी सोही अनुरूप गर्नुपर्छ

आदित्यनाथको जनकपुर भ्रमण धार्मिक र राजनीतिक दुबै हो । उनको धार्मिक र राजनीतिक व्यक्तित्व दुवै भएकाले उनी जनकपुर आउनु र राजनीतिक भेटघाट गर्नु ठूलो विषय होइन । तर भ्रमणलाई राजनीतिक रंग दिएर यसलाई विवादित बनाउनु हुन्न। भ्रमणबाट के कसरी लाभ लिन सकिन्छ त्यसबारे सोचौं । किनभने योगी शक्तिशाली मुख्यमन्त्री हुन र उनको भारतका प्रधानमन्त्रीसँग राम्रो सम्बन्ध रहेकाले त्यसबाट नेपालले फाइदा लिन सक्छ ।

## सातको सात बात



दुई तिहाई बहुमतमा रहेको वर्तमान सरकारको विकल्प छैन । सरकारले अपेक्षाकृत सफलता हाँसिल नगरेपनि विकल्प खोज्ने समय आएको छैन । यही सरकारलाई सफल बनाउने हो, यहि सरकारबाटै विकास र समृद्धि ल्याउने हो। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



हामी आफ्नो मुद्दाबाट पछाडि हटेको छैनौं । प्रतिनिधिसभा सदस्य रेशमलाल चौधरीसहित करिब १२ सय नेता कार्यकर्ताहरू अहिले पनि राजबन्दीमा रहेका छन् । संविधान संशोधन लगायतका मुद्दाहरू जसरी पनि यो सरकारबाट सम्बोधन गराएरै छाड्नुपर्छ। **महन्थ ठाकुर, नेता, रष्ट्रिय जनता पार्टी नेपाल**



प्रदेश २ को नाम र राजधानीबारे सुझाव दिन कार्यदल बनेको छ, जसले विभिन्न जिल्लामा पुगेर सुझाव संकलन गर्दैछ। प्रदेश २ को नाम जे राखेपनि त्यसमा मधेश शब्द छुटाउन हुँदैन। राजधानी जनकपुर नै उपयुक्त छ। **राजेन्द्र महतो, अध्यक्ष मण्डलका संयोजक, राष्ट्रिय जनता पार्टी नेपाल**



प्रदेशप्रति जनतामा धेरै अपेक्षाहरू रहेका छन् । तर हामी अझै पनि काम गर्न नै अन्योलमा रहेका छौं। प्रदेशलाई प्रभावकारी बनाउने हो भन राजस्वको ४० प्रतिशत संघमा र ६० प्रतिशत प्रदेशमा रहने व्यवस्था गर्नुपर्छ। **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**



तीनै तहका सरकारबीच जस्तो समन्वय र सहकार्य हुनुपर्दथ्यो त्यो हुन सकेको छैन। कर्मचारी नहुँदा र भएका कर्मचारीपनि केही समयमा नै सरूवा हुने हुँदा समस्या झन् बढ्दै गएको छ। संघले आवश्यकता अनुसार कर्मचारी पनि दिँदैन। **मो. लालबाबु राउत, मुख्यमन्त्री प्रदेश २**



राजपा नेपाल यथास्थितिमा सरकारमा जाँदैन र, अहिले त्यसको सम्भावना पनि छैन। महाधिवेशनपछि एकल नेतृत्वमा जान्छ तर निर्णय सामूहिक हुन्छ। राजपा नेपाल एउटा वैकल्पिक शक्तिका रूपमा अगाडि बढेको छ त्यसैले हामी एउटा संगठनात्मक सिद्धान्त तय गर्छौं र त्यसैका आधारमा आगाडि बढ्छौं। **राजकिशोर यादव, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



नेतृत्व वैचारिकरूपमा स्पष्ट र सङ्गठनकर्ता, मूल्यमान्यतामा आधारित, बुद्धिमतापूर्ण, राष्ट्रिय विकासको दीर्घकालीन सोच भएको र जनताले भरोसा गर्ने व्यक्तित्व हुनु आवश्यक छ। **नवीन्द्रराज जोशी, नेता, नेपाली कांग्रेस**

# जनकपुरबारे ऐतिहासिक अवलोकन



**रोशन जनकपुरी**

जनकपुरको ऐतिहासिकता एक हजार वर्षको सहजै खोज्न सकिएपनि कुवारामपुरमा पाइएका चिल्लो कालो पत्थरको विष्णुमूर्ति र महदैयामा पाइएका कुषाणकालीन सिक्काहरूले यस मिथकीय शहरको ऐतिहासिकता अझै धेरैपछि सम्म पुग्नसक्ने सम्भावना छ।

जनकपुरधाम् प्रथम दृष्टिमा एउटा मिथकीय तीर्थस्थलको रूपमा प्रसिद्ध छ । रामायणकी नायिका र हिन्दुभक्तको निम्ति जगद्जननीको रूपमा आराध्य सीता मिथिलाकी राजकुमारी र राजा शीरध्वजकी छोरी थिइन् । मिथिलाका अन्तिम शासक कराल थिए । कराल जनकको पतन सम्भवत: इसापूर्व नवौं-दशौं शताब्दीतिर भएको हो । त्यसपछिको करिब एकहजार वर्षसम्म मिथिलाको इतिहास अन्धकारमा देखिन्छ । बौद्ध जातकहरूमा आर्यावर्तको प्रथम बीसवटा जनपदहरूमा मिथिला र विदेहवंशको चर्चा भएपनि त्यो बज्जिमहासंघ भित्रको एक प्रतिष्ठित तर राजध्वज पतन भैसकेको रूपमा चर्चा गरिएको छ । बौद्ध जातक र अन्य पौराणिक ग्रन्थहरूमा कतै विदेहलाई देश र मिथिलालाई राजधानी र नगर समेत , त कतै मिथिलालाई देशको रूपमा समेत चर्चा गरिएको छ । तर अहिले यस बहसभन्दा भिन्न हामी जनकपुरधामको एतिहासिकतामा केन्द्रित हुनु उचित हुनेछ ।

हुन त जनकपुरधाम् बारे ऐतिहासिक साक्ष्यहरू न्युनतम् एक हजार वर्षसम्मको पाइन्छ । तर आधुनिक जनकपुरधामको शुरूआत सत्रौं शताब्दीदेखि भएको हो । जतिबेला सुरकिशोर दास जनकपुरधाम् आए र अहिले जानकीमन्दिर भएको ठाउँमा एउटा नीमको रूखमुनि आफ्नो सधुक्कडी चिम्टा गाडे । त्यतिबेला त्यहाँ

**आधुनिक जनकपुरधामको शुरूआत सत्रौं शताब्दीदेखि भएको हो। जतिबेला सुरकिशोर दास जनकपुरधाम आए र अहिले जानकीमन्दिर भएको ठाउँमा एउटा नीमको रूखमुनि आफ्नो सधुक्कडी चिम्टा गाडे।**



जङ्गल थियो । तर एतिहासिक साक्ष्यहरूले जनक र जानकीसंग जोडिएको र घना जङ्गलबीचको यो ठाउँ नजिकका क्षेत्रहरूमा परिचित रहेको थियो र सम्भवत: रामनवमीको सानोतिनो तिर्थालू जमघट समेत शुरू भैसकेको थियो । यसबारे विद्यापतिको भूपरिक्रमा ग्रन्थलाई साक्ष्य महत्पुर्ण छ । यस पुस्तकमा मैथिली भाषाका महाकवि विद्यापतिले विद्वतजनले जनकपुरलाई वैदेहहरूको 'पुर' नमानेको भनेका छन् । विद्यापतिको भनाईमा विद्वतजनले यस जनकपुरलाई वैदेहहरूको नगर स्वीकार नगरेपनि लोकजनले यसै जनकपुरलाई राजा जनकको राजधानी र तीर्थ मान्ने गरेको भाव उत्पन्न गराउँदछ । यसले अरू जे भनेपनि त्यतिबेला (चौधौं शताब्दीको प्रारम्भ) जनकपुरको अस्तित्व रहेको र यसप्रति जनविश्वास त निश्चितरूप मै प्रमाणित हुन्छ ।

जनकपुरधाम्बारे पहिलो ऐतिहासिक अभिलेख इन्द्रविधाता सेनले सन् १७११मा रामचन्द्र मन्दिर (राममन्दिर)लाई कुशेर्विर्ता जग्गादान गरेको लिखत हो । यो लेखत हाल उपलब्ध छैन, तर यसबारे विभिन्न श्रोतहरूमा उल्लेख भएको पाइन्छ । यसपछिको दोस्रो अभिलेख सन् १७२७मा मकवानपुरका राजा मानिकसेनले रामदासलाई जानकीमन्दिरको महन्थ घोषणा गरेको लेखत हो । रामदास आधुनिक जनकपुरका संस्थापक सुरकिशोर दासका चौथो पुस्ताका शिष्य थिए । यहाँ उल्लेखनीय के छ भने रामदास जानकीमन्दिरका पहिलो महन्थ हुन र उनिभन्दा पहिलेका सुरकिशोरदास, प्रयागदास र जनकवैदेही दासलाई सन्त भनिएको छ ।

सन्त सुरकिशोर दासले जनकपुरको खोजी गरेको सम्बन्धमा अनेक कथाहरू प्रचलित छन् । जस्मा आफूलाई सीताको पिताको भावमा तन्मय रहेको सुरकिशोर दासलाई सीताले आफ्नो मुर्ति भेटिने ठाउँ नै आफ्नो माइती अर्थात जनकपुर हुने कुरा सपनामा भनेर जनकपुर जान प्रेरित गरेको कथा बढी लोकप्रिय छ । तर ऐतिहासिक साक्ष्यहरूको आलोकमा के देखिन्छ भने हालको जनकपुरदेखि सितामढीको क्षेत्र मिथिला र जनकपुर वैदेहको नगरी ( केही ठाउँमा जानकी जन्मभूमि भनिएको छ)को रूपमा परिचित तर दुर्गम वन्य क्षेत्र रहेको देखिन्छ । सुरकिशोर दास रसिक सम्प्रदायका साधू थिए, जो सीताको भक्तिमा आध्यात्मिकरूपमा लीन थिए । र यसले नै उनलाई मिथिला क्षेत्र र जनकपुर आउन प्रेरित गऱ्यो । उनी जनकपुर आउन प्रेरित गर्ने कारणहरूको खोजी गर्दा रसिक सम्प्रदाय र जनकपुरको सम्बन्धबारे थोरै चर्चा गर्नु सान्दर्भिक नै हुने छ ।

ऐतिहासिक श्रोतहरूका अनुसार सोह्रौं-सत्रहौं शताब्दीमा गंगाको मैदानी क्षेत्रमा राम त्रिदेव (ब्रह्मा, विष्णु र महेश) मध्ये विष्णुको अवतारको रूपमा स्थापित भैसके पछि रामभक्त साधूहरूले रामको जीवनसंग सम्बन्धित स्थलहरूको खोजी गर्ने अभियान थाले । रामले वनगमन गरेको विन्ध्य पर्वत खोजियो, चित्रकूट खोजियो भने अयोध्या रामको जन्मस्थलको रूपमा पहिलेदेखि नै परिचित थियो । रामलाई पूजनीय देवको रूपमा स्थापित गर्ने श्रेय स्वामी रामानन्दलाई छ । उनले रामानुजी परम्परामा लक्ष्मी र विष्णु प्रधान रहेको श्रीसम्प्रदायभन्दा भिन्न आफ्नो छुट्टै सम्प्रदाय चलाए, जस्ले रामलाई आराध्यदेव मान्यो । रामानन्दी सम्प्रदायमा जातिभेद थिएन । भनिन्छ दुनियाँलाई सुनाउने उद्देश्यले स्वामी रामानन्दले रूखमा चढेर नारा दिए – जात पात पूछे नहि कोई, हरिको भजे सो हरिका होई । संसारबाट विरक्त वैराग्यलाई ग्रहण गरेको स्वामी रामानन्दका प्रथम बाह्रजना शिष्यहरूमा अनन्तानन्द, भावानन्द, सेन, धाना, नाभादास, नरहर्यानन्द, सुखानन्द, कबीर, रैदास, सुरसुरानन्द, सुरसुरी र पद्मावती थिए । यसमध्ये कबीर र रैदासले निर्गुण रामलाई मानेर आ-आफ्नो पन्थ विकास गरे भने अन्य शिष्यहरू साकार रामका अनुयायी थिए । यिनै मध्येको एक नाभादासको एक शिष्य अग्रदास ( अग्रअली, अग्रस्वामी)ले सत्रौं शताब्दीमा मध्यप्रदेशको रैवासा स्थानमा गएर रसिक सम्प्रदायको विकास गरे । कृष्ण परम्परामा राधालाई मूख्य मानेर विभिन्न सम्प्रदाय विकसित भएजस्तै

अग्रदासले सीतालाई सर्वौच्च मानेर रसिक सम्प्रदायको मत विकास गरे । यस सम्प्रदायमा सीता प्रति साख्य ( सखि)भाव राखेर श्रृङ्गारिक भावमा समेत आराधना गरिन्छ । यिनै अग्रदासको शिष्य परम्परामा एक किल्हस्वामीका प्रपौत्र शिष्य थिए सुरकिशोर दास । सुरकिशोर दास भारतको मध्यप्रदेश प्रान्तको लोहागढ भन्ने गाउँमा एउटा मन्दिरमा पुजारी थिए । जो त्यतिबेला मुगल शासक औरङ्गजेबको धार्मिक असहिष्णुता र दमनको कारण त्यहाँबाट पलायन हुन बाध्य भएका थिए ।

सत्रौं शताब्दीमै गोस्वामी तुलसीदासको रामचरित मानसले राम र सीताको कथालाई व्यापक विस्तार दियो र सीतालाई छोरी भावमा मानेर आराधना गर्ने रसिक सम्प्रदायका अनुयायी सुरकिशोर दास सीताको माइती मिथिला खोज्दै जनकपुर आएका हुन् । सुरकिशोर दासले जनकपुर खोजी गर्ने प्रेरणा निश्चितरूपमा अयोध्यामा रामभक्तहरूले रामका जीवनसंग सम्बन्धित स्थलको खोजी गर्ने अभियानको अङ्ग थियो, जस्को निम्ति उनि आफ्नो आध्यात्मिक भावबाट प्रेरित भए । यसलाई हामी अयोध्याको तेह्रकोसे परिक्रमा र अयोध्या महात्म्य नामक ग्रन्थसंग जनकपुरमा पन्द्रदिने परिक्रमा र मिथिला महात्म्य ग्रन्थलाई तुलना गर्न सक्दछौं ।

बाहिरी दुनियाँको निम्ति जनकपुरधाम् सत्रौं शताब्दीसम्म अल्पपरिचित थियो । सुरकिशोर दास र उनका शिष्यहरूले भारतको अयोध्या, मध्यप्रदेश र उत्तरप्रदेशको विभिन्न ठाउँमा गएर जनकपुरको प्रचार गरे । जनकपुरलाई पहिलोपटक व्यापकरूपमा प्रचारित गर्ने श्रेय अयोध्याबाट प्रकाशित 'श्री महाराजा चरित्र' नामक पुस्तकलाई जान्छ । सन् १८०५मा लेखन सम्पन्न भएको यस पुस्तकको रचनाकार अयोध्या बारास्थानका सन्त रघुनाथ दास थिए । यस पुस्तकमा जनकपुरका प्राय: सबै महत्वपूर्ण मन्दिर र पोखरीहरूको उल्लेख छ । यसमा जानकीमन्दिर, रामचन्द्र मन्दिर, जनकमन्दिर, रत्नसागर, गंगासागर, अरगजा, धनुषासर, दशरथ कुण्ड, लक्ष्मण कुण्ड, आदिको चर्चा छ । यस पुस्तकले अरगजा वा अङ्गराग सरको चर्चा महत्वपूर्ण रूपमा गरेको छ, जसअनुसार सीताको बिहामा यस पोखरीमा अङ्गराग अर्थात् उबटन तयार पारिएको थियो । त्यसतै सम्भव छ धनुभङ्गको बेला धनुषको एउटा भाग आकाशतिर स्वर्गमा र अर्को भाग उडेर जनकपुरभन्दा बाह्र माइल उत्तर धनुषाधाममा खसेको कथा फैलाउने श्रेय यसै पुस्तकलाई जान्छ । यस पुस्तकले हालको जानकीमन्दिरलाई जनक दरबार र यस्को अगाडी ठूलो मैदान भएको र त्यहीं शिवधनुष राखिएको थियो भनेर भनेको छ । त्यस्तै शिवधनुष प्रदर्शनी स्थलमा ल्याउनुभन्दा अगाडी धनुषसागरमा राखिएको र त्यहीँबाट प्रदर्शनीस्थलसम्म ल्याइएको भनिएको छ । यस पुस्तकमा धनुषाधाम्मा बाघ, भालू, हात्ती, गैंडा, अर्ना आदि घुम्ने गरेकोले धनुषाधाम् जाँदा सावधानीपूर्वक जान सचेत गराइएको छ । त्यस्तै यस पुस्तकले गिरिजास्थान(सीताले फुल टिपेर गिरिजाको पूजा गर्ने ठाउँ, हाल यो भारतको मधुबनीजिल्लामा पर्छ,) र बिसौल (केहीको मतमा विश्वामित्रको आश्रम, जनकपुरको लोकप्रिय पन्द्रदिने परिक्रमाको अन्तमा बिसाउने ठाउँ, हाल भारत मधुबनी जिल्लामा पर्छ)बारे पनि चर्चा गरिएको छ ।

प्रारम्भमा सेनवंशी शासकहरूबाट पोषित जनकपुरलाई शाहवंशी शासकहरूले आध्यामिक स्थलको सम्मान दिए । पृथ्वीनारायण शाहले सन् १७६२मा मकवानपुर कब्जा गरेपछि तत्कालीन महोत्तरीमा पर्ने जनकपुरपनि शाहवंशी शासनको मातहतमा गयो । शाहवंशी शासक मध्ये रणबहादुर शाहले धनुषाधामलाई कुशेबिर्ता जग्गा दिए र मन्दिर निमार्ण गर्न लगाए । विक्रम सम्वत् १९९१ सालको महाभूकम्पमा जानकीमन्दिर बाहेक जनकपुरधामको प्राय: सबै मन्दिरहरू भत्किएका थिए । पछि तत्कालीन राणाशासकहरूले मन्दिरहरूको निर्माण गराए । यहाँ रोचक जानकारी के हुन सक्दछ भने महाभूकम्पभन्दा पहिले राममन्दिर दुइतले थियो । भूकम्पपछि वर्तमान एकतले मन्दिर निर्माण गरिएको हो ।

जनकपुरमा लाग्ने मेलाहरू र सन् १९३४मा जनकपुर-जयनगर रेलको विकासले जनकपुरको विकासमा चौतर्फी मद्दत गरेको हो । जनकपुरको ऐतिहासिकता एक हजार वर्षको सहजै खोज्न सकिएपनि कुवारामपुरमा पाइएका चिल्लो कालो पत्थरको विष्णुमूर्ति र महदैयामा पाइएका कुषाणकालीन सिक्काहरूले यस मिथकीय शहरको ऐतिहासिकता अझै धेरैपछि सम्म पुग्नसक्ने सम्भावना छ । तर यसको निम्ति जनकपुरको प्राचीन स्थलहरूको उत्खनन् आवश्यक छ ।

मधेशवाणी


# संशोधनबाट बढी त्रसित हुनुको मतलब संविधान समाप्तिको यात्रातर्फ जानु हो

**यो संविधान सफलतापूर्वक कार्यान्वयनका लागि ठाउँठाउँमा संशोधनको आवश्यक्ता छ । मैले हेर्दा ८८ ठाउँमा संशोधनको आवश्यक्ता देखेको छु ।**



## हृदयेश त्रिपाठी
## संयोजक, स्वतन्त्र राजनीतिक समूह



- ☞ नेकपा प्रवेशका लागि हामी आतुर छैनौं । न त उहाँहरूलाई नेता कार्यकर्ताको अकाल छ न त हामी बेरोजगार छौं ।
- ☞ मधेशलाई सँगै लिएर नगइकन समग्रतामा नेपाल समृद्धिको यात्रा गर्न सक्दैन भन्ने निष्कर्षका साथ हामीले एउटा प्रयोग गरिरहेका छौं ।
- ☞ महन्थ ठाकुरलाई संयोजकबाट हटाउनुको मूल कारण सरकारमा जान केही साथीहरू आतुर हुनुहुन्छ ।
- ☞ यस प्रवृत्तिबाट मधेश आन्दोलन र मधेश राजनीति अलि बढी पीडित भएको देखिन्छ ।
- ☞ प्रदेश २ मा अहिले जातिवाद यति घनीभूत भएर गएको छ कि मधेशी को हो छुट्याउन गाह्रो भइसक्यो ।
- ☞ २०४७ सालको संविधानलाई पनि बाइबल, कुरान, गीता भन्दै जपेर बस्ने साथीहरू पनि थिए तर त्यो संविधान कहिले गयो थाहै पाएनन् ।

**० तपाइँहरूले भेलाको आह्वान गर्नुभएको छ, भेलाको उद्देश्य के हो ?**
– यही मंसिर २८ गते केही निश्चित साथीहरू, जो स्वतन्त्र राजनीतिक समूहका अगुवा नेताहरू हुनुहुन्छ, उहाँहरूसँग बैठक राखेका छौं । मूलतः अहिलेसम्मको हाम्रो यात्रा, भावी योजनाहरू, अब कसरी अगाडि बढ्ने लगायतका विषयमा केन्द्रित रहेर छलफल हुन्छ ।

**० तपाइँहरू नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गर्ने कुरा थियो, त्यो कहाँ अड्कियो त ?**
– नेकपासँग हाम्रो पटक-पटक सम्वाद भएको हो र हुँदै पनि छ । त्यो विकल्प सम्पूर्ण रूपमा बन्द नै भइसकेको भनेर भन्न मिल्दैन । निर्वाचनपश्चात् देशमा परिवर्तित राजनीतिक सन्दर्भलाई विश्लेषण नगरी आगामी दिनका योजना र राजनीतिक कार्यक्रम बनाउन सकिँदैन । निर्वाचनको नतिजासँग एउटा भावना र मनोविज्ञान जोडिएको थियो । तर, अहिले आएर समग्र देशमै मनोविज्ञानमा परिवर्तन भएको छ । दुईटा कम्युनिष्ट पार्टीहरू एकीकृत भए, जसको संयोजनको काम अहिलेसम्म उहाँहरूले गर्दैछन् । त्यहाँ पनि विभिन्न प्रकारका सन्तुष्टि/असन्तुष्टिका रेखाहरू कोरिएका छन् । नेपाली काँग्रेस पनि महासमितिको तयारीमा छ । उ पनि निर्वाचनको नतिजाप्रति हतप्रद भएको छ । कांग्रेसमा वैचारिक समस्या देखिएको छ । गुटको समस्या सतहमा देखिएको छ । त्यस्तै, मधेशवादी दलहरू पनि हिजो निर्वाचनमा जस्ता थिए, आज रहेन । निर्वाचनको समयमा विशेषगरी एमालेको विरूद्धमा उभिएर राजनीतिक मत संकलन गरेका दलहरू त्यही पार्टी नेतृत्वको सरकारलाई समर्थन गरेका छन्, कोही सहभागी पनि छन् । फोरम त सहभागी नै छ, राजपाले समर्थन गरेको छ । राप्रपा लगायतका पार्टीहरूले फेरि एकचोटि हिन्दू कार्ड प्रयोग गर्दै फेरि राजालाई फर्काउन सकिन्छ कि भन्ने ध्ययका साथ अगाडि बढिरहेको देखिन्छ । यी समग्र विषयको विश्लेषणहरू गर्न जरूरी छ । ठूलो विमतिका साथ यो संविधान जारी भएको हो र त्यो विमति कायमै छ । संविधान अनुकूलका विभिन्न कानूनहरू बन्ने प्रक्रिया केही अगाडि बढ्यो भने केही बाँकी नै छ । प्रदेशहरू अहिले असहाय अवस्थामा हिंडिरहेका छन्, स्थानीय तहमा बजेटहरू गएका छन्, विवेक र विचार गएको छैन । समग्र नेपालकै अर्थ प्रणालीको विषयमा भन्नुपर्दा ६ प्रतिशतभन्दा बढी विकास खर्च हुन सकेको छैन । यो समग्रतामा हामी विचार विमर्श गर्छौं । नेपाल-भारतका प्रबुद्ध समूहले तयार पारेको प्रतिवेदनको अवस्था के छ, त्यसमा उठाइएका विषयहरूले हामीलाई कसरी असर गर्छ, विशेषगरी सीमावर्ती क्षेत्रका जनतालाई (चाहे नेपालमा होस् वा भारतमा) ती सबै समग्र विषयमा हामी छलफल गरेर एउटा निष्कर्षमा पुग्छौं ।

**० नेकपामा प्रवेश गर्ने तपाइँहरूको शर्त के हो ?**
– हाम्रो कुनै पनि शर्त छैन । मधेशी र थारू जनतामा नेकपा लोकप्रिय हुन सकेन, यसको ऐतिहासिक कारणहरू छन् । वि.सं. २०१५ सालको निर्वाचनमा भन्ने हो भने २ वटा सिट पाटन र पाल्पाबाट र २ रौतहटबाट मात्रै कम्युनिष्ट पार्टीले जितेको थियो । पछि आएर के कारणले लोकप्रिय हुन सकेन, त्यसको विवेचना गर्न र मधेशलाई बुझ्न वि.सं. २०४९ सालमा स्व.मदन भण्डारीले एउटा कार्यदल बनाउनुभयो । उहाँले बुझ्नुभयो कि कम्युनिष्ट आन्दोलनलाई मधेशसँग जोड्न सकिएन । तत्कालीन नेकपा एमालेको महाधिवेशनले आफ्नो प्रतिवेदनमा मधेशका सवालहरू राखेको थियो । तर, उहाँको अवसानपछि त्यो विचारको पनि अवसान भयो र त्यो कार्यदलको पनि अवसान भएर गयो । माओवादीको जनयुद्ध उत्कर्षमा पुग्दा विस्तारका लागि विभिन्न जातीय मोर्चाहरू बनायो तर पछिल्लो चरणमा जब संविधान जारी गर्ने बेलामा ती पार्टीहरूले लिएका पूराना अडानमा पनि कायम रहन सकेनन् । भन्न खोजिएको के हो भने नेकपा पार्टी आफैमा मधेशी र थारू जनतामा लोकप्रिय किन हुन सकेन भन्ने सोच्नु उहाँहरूको जिम्मेवारी हो । उहाँहरूले जिम्मेवारी बहन गर्नुपर्छ । वि.सं. २०१७ सालपछि बढी प्रहारको निशाना काँग्रेस भयो । काँग्रेसको कर्मभूमि नै मधेश रह्यो । त्यसैले काँग्रेस जोडिएको छ त्यहाँ । अझ पनि २८ देखि ३० प्रतिशत मत मधेशमा काँग्रेसको सुरक्षित छ । तर, ७० प्रतिशत मत काँग्रेसबाहिर छ । त्यसलाई आकर्षित गर्न सक्ने नीति, सिद्धान्त, कार्यक्रम र व्यवहार नेकपासँग छैन ।

**० तपाइँहरू नेकपा नै किन रोज्नुभयो ?**
– हामी अहिलेसम्म चयन गरिसकेका छैनौं ।

**० तर, नेकपा प्रवेशका लागि प्रयासरत् त हुनुहुन्छ नि ?**
– नेकपा प्रवेशका लागि हामी आतुर छैनौं । न त उहाँहरूलाई नेता कार्यकर्ताको अकाल छ न त हामी बेरोजगार छौं । यो कुरा सबैलाई ढुक्क भएर बुझ्न मेरो आग्रह छ ।

**० निर्वाचनका बेला तात्कालीन एमालकै चुनाव चिन्ह लिनुको कारण ?**
– एउटा गठबन्धन तयार भयो । जस्तै, नेपाली काँग्रेसले राप्रपा र मधेशवादी दलसँग पनि गठबन्धन गर्‍यो नि । त्यसैले, निर्वाचनका बेला चुनावी गठबन्धन भएको थियो । वाम मोर्चा प्रगतिशील छ, मधेश आन्दोलनको अनुभवको आधारमा म के भन्छु भने तीन दशक जति समय हामीले क्षेत्रीय हिसाबमा मधेशको समस्या समाधान गर्न सक्छौं भन्ने निष्कर्ष थियौं । यहाँका कथित राष्ट्रिय पार्टी भनाउँदा नेपाली काँग्रेस, एमाले, माओवादीहरूले मधेशको समस्या मधेशीहरूकै समस्या हो, हाम्रो होइन भनेर उनीहरू पनि क्षेत्रीय संकीर्णतामा फँसे । जसले गर्दा मधेश आन्दोलनले क्षति धेरै व्यहोर्‍यो र त्यसको तुलनामा उपलब्धि हासिल गर्न सकेन । यो यथार्थ हो । मधेश आन्दोलनहरूमा जति सहादत दिए, त्यस्तै सशस्त्र आन्दोलनमा पनि सात सयभन्दा बढी गैरन्यायिक हत्या भए त्यो सबै जोड्ने हो भने पञ्चायतकालमा पनि त्यति गैरन्यायिक हत्या भएको थिएन । तर, त्यसको उपलब्धिको रूपमा हेर्ने हो भने साह्रै न्यून छ । मधेशको समस्या जबसम्म देशको समस्याको रूपमा स्थापित हुँदैन, तबसम्म यसको सही ढंगले समाधान हुँदैन । मधेश आन्दोलन र मधेशी राजनीतिले यसलाई स्थापित र परिभाषित गर्न सफल भयो तर समाधान गर्न सकेन । यहाँका मै हुँ ठूला दल भन्नेहरू जो अहिले पनि जीवित छन्, क्रियाशील छन्, तिनले पनि गर्न सकेनन् । राजा महाराजा, राणाहरूले त गर्नै सकेनन् ती अतितका कुराहरू भए । त्यसकारणले मधेशको समस्या यो देशकै समस्या हो, मधेश गरिब रहेसम्म यो देश धनी हुन सक्दैन, मधेश अशान्त रहेसम्म नेपाल शान्त हुँदैन । त्यसैले, मधेशलाई सँगै लिएर नगइकन समग्रतामा नेपाल समृद्धिको यात्रा गर्न सक्दैन भन्ने निष्कर्षका साथ हामीले एउटा प्रयोग गरिरहेका छौं । यो प्रयोग सफल भयो भने देशका लागि नै ठिक होला, विफल भयो भने यसको परिणति सबैले भोग्नुपर्छ । हामी त भोगी नै रहन्छौं तर, जो भोग्न अहिले तयार छैनन् तिनले त अझ कस्सिएर भोग्नुपर्छ ।

**० ६ वटा पार्टीलाई एकीकृत गरेर राजपा नेपाल बनाउन तपाइँको ठूलो योगदान रह्यो तर बीचमै छोडेर बाहिरिनुको कारण के थियो त ?**
– राजपा निर्माणमा मेरो योगदान रह्यो, त्यसमा दुईमत छैन । किनभने जो पार्टीहरू त्यहाँ थिए तमलोपाबाहेक ती पार्टीहरू कुनै न कुनै पार्टीबाट विभाजनै भएर आएका थिए । कोही ओरिजिनल पार्टी थिएन त्यहाँ र कुनै पनि विभाजन सिद्धान्तको आधारमा भएको थिएन । लोभलाभ र व्यक्तिगत स्वार्थको आधारमा विभाजन भएका थिए । सबै लोभीपापीहरूलाई एक ठाउँमा जम्मा गर्न पाए ठिक्कै हुन्छ भनेर सोच्यौं र त्यो कोशिस गरियो । मैले के अडान राखेको थिएँ कि ती सबै दलको शक्ति, संख्या र सामर्थ्यको आधारमा एकता गरौं । पछि उहाँहरू मान्नुभएन । व्यक्तिगत लाभका लागि पार्टी विभाजन गर्नेहरू किन मान्नुहुथ्यो र । त्यो बुझिसकेपछि महन्थ ठाकुरजीले स्वीकार गर्नुभयो, यद्यपि मेरो स्वीकारोक्ति थिएन । एकीकरण भइसकेपछि पार्टीलाई दर्ता गराउने कुरा आयो अनि उहाँहरू विधानमै लडेर दुई महिना बिताउनुभयो । त्यही बीचमा नेपालमा स्थानीय तहको निर्वाचन सुरू भइसकेको थियो । पहिलो चरणमा राजपाले भाग लिने ठाउँ थिएन, त्यसकारण त्यति साह्रो चिन्ता भएन । दोस्रो चरणको निर्वाचन हुने बेलाभन्दा अगाडि उहाँहरूले पार्टी दर्ता गराउनुभएन । अन्तिममा सरकारसँग उहाँहरूले के सहमति गर्नुभयो भने प्रदेश २ मा अन्तिम चरणमा निर्वाचन गर्ने, अरूमा दोस्रो चरणमा गर्ने । हाम्रो भूभाग प्रदेश १, ५ र ७ को स्थानीय निर्वाचनको बेलामा राजपा दर्ता नै भएको थिएन । यद्यपि निर्वाचन आयोगले २/३ दिनको समय पनि दिएको थियो । तत्कालीन सरकारले पनि कोशिस गरेको थियो । तर, अध्यक्षमण्डलका ६ नेताहरूको आपसी विवाद र लडाईले गर्दा दर्ता गराउन सकिएन । बाध्य भएर बहिष्कारको नारा दिइयो र बहिष्कारको नारालाई हामीले सफलतापूर्वक अगाडि बढाउन कोशिस गर्‍यौं । म दावाका साथ भन्छु कि हाम्रै जिल्ला नवलपरासीमा कतिपय बुथमा जम्मा २ वटा भोट मात्रै पर्‍यो, कहीँ १३ प्रतिशत मतदान भएको छ, कहीँ १९ प्रतिशत मतदान भयो । त्यो सफल भयो । तर, अन्तिम चरणको निर्वाचनमा प्रदेश २ मा मात्र उहाँहरूले भाग लिनुभयो । केही परिवर्तन भएको थिएन र राजपाले निर्वाचनमा भाग लियो । हामीलाई धोका दिएको ठान्यौं, एउटै पार्टीले विभिन्न प्रदेशमा विभिन्न व्यवहार गर्दा यो पार्टी होइन रहेछ, यो रामलिला पार्टी हो भन्ने लाग्यो । त्यसकारणले यहाँ सकिन्न, उहाँहरूसँग काम गर्नसक्ने स्थिति रहेन । त्यसपछि हाम्रो दूरी बढ्दै गयो । विशेषगरी, तेस्रो चरणको स्थानीय तहको निर्वाचनमा राजपाले देखाएको व्यवहार यसको मूल कारण हो ।

**० अहिले राजपामा संयोजक परिवर्तन भएको छ, यसलाई कसरी लिनुभएको छ ?**
– मैले यसलाई प्राकृतिक रूपमा लिएको छु । यो कुनै अनौठो होइन । किनभने विशेषगरी तमलोपा जो सबभन्दा ठूलो र लोकप्रिय पार्टी थियो, त्यसलाई समाप्त गर्ने योजनाका साथ यो रणनीतिक एकीकरण भयो । त्यसैको अहिले निरन्तरता चलिरहेको छ । यो दिनप्रति दिन खराब हुँदै जान्छ । किनभने पहिले नै उहाँहरूले स्वीकार गर्नुभयो कि ६ जनाको अध्यक्षमण्डल रहने, दुई/दुई महिनामा संयोजक परिवर्तन हुनेछ । महाधिवेशन नभएसम्म संयोजक परिवर्तन भइरहन्छ र महाधिवेशन हुन्छ कि हुन्न, यो पार्टी रहन्छ कि रहन्न त्यो कुरा त्यसका नेता कार्यकर्ताले भन्ने कुरो हो । मेरो त शुभकामना मात्रै के हो भने टिकिराख्नुस्, गरिराख्नुस्, अब जति खेतिपाति गर्नुभयो, धन्दा गर्नुभयो अब धन्दा छोड्नुस् । अहिले पनि उहाँहरूको प्रयास के देखिन्छ भने सत्तायात्रा नै हो । महन्थ ठाकुरलाई संयोजकबाट हटाउनुको मूल कारण सरकारमा जान केही साथीहरू आतुर हुनुहुन्छ । पटक-पटक उहाँहरूले सत्तापक्षसँग यो विषयमा वार्ता गरिक्नुभएको छ । महन्थ ठाकुर बाधक हुनुभयो सरकारमा जानका लागि । रेशम चौधरीको प्रकरण, आदि इत्यादि कुरा उठाएर ठाकुरले रोक्नुभयो भनेर सरकारमा जान पल्केकाहरू सरकारमा गइराख्नुपर्छ भन्ने प्रवृत्ति भएका व्यक्तिहरूको अध्यक्षमण्डलमा बाहुल्यता छ । सरकारमा जानु मूल आशय हो उहाँहरूको । त्यसैले, छठपछि समर्थन फिर्ता गर्ने भन्ने राजपाका त्यही नेताहरूले बोल्थे, तिनको बोली अहिले बदलिएको सुन्दैछु । त्यही नेताहरूले यसमा विचार विमर्श गर्नुपर्छ लगायतका कुराहरू गरिरहेका छन् । त्यो सरकारमा जाने तयारी मात्र हो ।

**० भनेपछि, छठपछि समर्थन फिर्ता लिने, आन्दोलन गर्ने लगायतका धम्की एउटा बार्गेनिङ्ग प्वाइन्ट मात्र थियो ?**
– बार्गेनिङ्ग पनि होइन, त्यो एउटा कुण्ठा थियो । सरकारमा जान नपाएको कुण्ठाको अभिव्यक्ति थियो । फोरम त त्यो कुण्ठा तोडेर सरकारमा गइसक्यो । जबकि फोरमका उपेन्द्र यादवले संविधान संशोधन होइन पुनर्लेखन नै गर्नुपर्छ भन्ने नारा लिएर अगाडि बढ्नुभएको थियो । हामी मोर्चामा बस्दा उहाँले पुनर्लेखन गर्नुपर्छ, यो संविधान त कामै लाग्दैन भन्ने मान्छे केही पनि नभइकन सरकारमा देखा परिराख्नुभएको छ । त्यसकारणले यो एउटा प्रवृत्ति छ । यस प्रवृत्तिबाट मधेश आन्दोलन र मधेश राजनीति अलि बढी पीडित भएको देखिन्छ ।

**० फोरम जसरी संविधान संशोधनका लागि सहमति गरेर सरकारमा गयो, उसको भूमिका कस्तो देखिरहनु भएको छ ?**
– फोरमको त कुनै भूमिका नै देखा परेको छैन । संसदमा न त राजपाले बोलेको देख्छु न त फोरमले । सरकारमा गएपछि फोरमको बोली स्वतः बन्द भएको हो । तर, राजपाले समर्थन गरेको थियो र बोल्न सक्थ्यो तर खासै भूमिका देखिदैंन । त्यसकारणले यिनीहरूको विवेचना योग्य भूमिकै छैन ।

**० भनेपछि, फोरमको सहमति सत्तायात्राका लागि मात्रै थियो ?**
– देखा त त्यही पर्दैछ । योभन्दा थप के भनुँ ।

**० जतिबेला तपाइँहरूले मधेशका ६ वटा दलहरूलाई एकीकृत गर्नुभयो, त्यो बेला फोरम आउन चाहेन तर अहिले एकीकरणको कुरा गर्दैछ । फोरमको यो के रणनीति हुनसक्छ ?**
– एउटा तुक्का फाल्ने काम गर्छन्, त्यसमध्ये यो पनि एउटा तुक्का नै हो । तर, बेतुकको तुक्का हो यसमा दम छैन । उहाँहरू इमान्दारीपूर्वक एकीकरणको प्रयास गर्नुहुन्न ।

**० प्रदेश २ लाई कसरी हेरिरहनुभएको छ ?**
– प्रदेश २ मा अहिले जातिवाद यति घनीभूत भएर गएको छ कि मधेशी को हो छुट्याउन गाह्रो भइसक्यो । हिजो मधेशी एउटा इकाई थियो । तिनलाई नेताहरूले आआफ्ना जातमा बाँडेर छिन्नभिन्न पारिसके । सबै त्यहाँ आआफ्नो जातीय राजनीति गरिरहेका छन् ।

**० भनेपछि प्रदेश २ जातीय अखाडा बनिसक्यो ?**
– प्रदेश २ जातीय अखाडाको रूपमा बढ्दै गइरहेको छ । किनभने जुन नेतासँग विचार, सिद्धान्त हुँदैन उसले संगठनको सहारा सस्तो चीजबाट गर्छ । सस्तो चीज भनेको जाति हो ।

**० सरकारको कुरा गरौं, ओली नेतृत्वको सरकारले संविधान संशोधन गर्छ त ?**
– हेर्नुस्, यो संविधानलाई सही ढंगले कार्यान्वयन गर्नका लागि पनि संशोधन जरूरी छ, जुंगाको लडाईको नमान्ने हो भने । जुंगा नभएकाहरूले जुंगाको लडाई धेरै गर्छन् । यो संविधान सफलतापूर्वक कार्यान्वयनका लागि ठाउँठाउँमा संशोधनको आवश्यक्ता छ । मैले हेर्दा ८८ ठाउँमा संशोधनको आवश्यक्ता देखेको छु । म जोसँग पनि यस विषयमा तर्क गर्न तयार छु । संविधान संशोधन भन्ने कुराबाट बढी त्रसित हुनुको मतलब संविधानको समाप्तिको यात्रातर्फ जानु हो । २०४७ सालको संविधानलाई पनि बाइबल, कुरान, गीता भन्दै जपेर बस्ने साथीहरू पनि थिए तर त्यो संविधान कहिले गयो थाहै पाएनन् । मलामी पनि जान पाएनन्, श्रद्धाञ्जलीसभा पनि गर्न पाएनन् । त्यस्तै हविगत यो संविधानको पनि नगरून् भनेर उहाँहरूलाई अनुरोध हो ।

**० तर, यो सरकारले संशोधन गर्छ ?**
– आवश्यक्ता त छ । संविधान निर्माण गर्ने प्रमुख शक्तिहरूले नै दुईटा विषयमा संशोधन गरेकै हुन् । जबसम्म उहाँहरूको काममै बाधा तड्कारो रूपमा पर्दैन, उहाँहरू आफै जोखिममा आउनु हुन्न तबसम्म गर्दैन । यो नेपालीहरूको पूरानो रोग हो र कायम छ ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# तराई मधेश राष्ट्रिय परिषद्को कार्यनीति र कार्यदिशा

## "सबै राष्ट्रहरू चाहे ती कम संख्याबाला हुन वा अधिक स्वतन्त्र हुनैपर्दछ ।"

**दस्तावेज**

**ऐतिहासिक पृष्ठभूमी :** नेपाल दलीय राजनीतिको अभ्यास गर्दै अगाडि बढेको छ र २००८ सालमा तराई काँग्रेसको नाममा पहिचानको राजनीतिक धार पहिलो पटक स्थापित गर्ने काम गरे । क्षेत्रीय स्वायत्तता र हिन्दी भाषाको माग राखी उक्त राजनीतिक दल प्रतिस्पर्धारत हुँदा २०१५को आम निर्वाचन परीणाम सन्तोषपूर्ण रहेन । पञ्चायती व्यवस्थाको शुरूवातसंगै तराई काँग्रेस विघटन भयो । त्यसपश्चात २०३६ सालको जनमत संग्रहसंगै नेपालमा नयाँ स्वरूपमा सदभावना परिषद र जनमुक्ति मोर्चा लगायत सेतामगुरालि नामक संगठन क्रियाशिल हुने क्रम चल्यो । जातीय उत्पीडनको विषयमा वहस चलाए तर २०४६ सालको आन्दोलन पश्चात राजनीतिक दलको रूपमा पहाडतिर राष्ट्रिय जनमुक्ति पार्टी र तराई केन्द्रित नेपाल सदभावना पार्टी स्थापना भए । त्यस बखत नेसनल मंगोल अर्गनाइजेसन र जनजाति पार्टी नामधारी राजनीतिक दललाई दर्ता दिइएन । यसरी सामाजिक अभियान देखि पार्टी निर्माणको चरण पार गर्दा समेत अपेक्षित परिणाम हात लागेन । उपरोक्त राजनीतिक दलहरू उत्पीडित जाति, लिङ्ग, वर्ण, समुदाय तथा क्षेत्रका जनताका लागि प्रेरणादायी सम्म बन्यो ।

प्रजातन्त्र पुनःस्थापना पश्चात नेपालमा जातीय सामाजिक संस्थाहरू पुनः दर्ताको ठाउँ पाए तर त्यही संस्थाहरू राजनीतिक सौदावाजी गर्न तत्पर भए । यस विषयमा IWGIA, The Indigenous World (२००८)मा लेखिएको छ -"दुःखदपूर्वक भन्न सकिन्छ कि नेपाली इतिहासको यो महत्वपूर्ण घडिमा माओवादी पार्टी तथा एमालेको राजनीतिक अभ्यासहरूले आदिवासी आन्दोलन कमजोर भएको छ । उदाहरणको रूपमा सरकार तथा नेपाल आदिवासी जनजाति महासंघ बीच अगस्त ६, २००७ मा भएको बीस बुँदे सम्झौतामा पूर्ण समानुपातिक प्रतिनिधित्व तथा आत्मनिर्णयको अधिकार सम्बन्धि आदिवासी मुद्दा छोडियो । आज झन, सरकार र संसदमा रहेका आदिवासी नेतृत्ववर्गले आदिवासी जनताहरूको मुद्दाहरूमा बलियो अडान लिइरहेका छैनन् । यसले आदिवासी जनताहरू बीच द्वन्द्व पैदा गर्छ र आन्दोलनलाई कमजोर पार्छ । यसको प्रमुख कारणहरू उनीहरू आवद्ध राजनीतिक पार्टीहरूको प्रभाव, व्यक्तिगत स्वार्थ तथा नेतृत्ववर्ग भित्रै अवधारणागत स्पष्टता र जवाफदेहिताको कमी हो ।" उपरोक्त विश्लेषणको गम्भिर समीक्षा हुनुपर्छ किनकी आन्दोलनको उठानको नाममा ती संस्थाहरूले जनतालाई सडकमा उतारे । एक प्रकारले शिक्षित तथा राजनीतिक आकांक्षालाई तत्कालको लागि दवाएर राखेका युवाहरूको ततत्त् संस्थामा क्रिमी लेयर तयार भयो जहाँ केही अवसरको खोजीमा रहेका समुह पनि पर्न सफल थिए । उनीहरूले क्रान्तिकारिताको नाममा जति जति सम्बन्धित समुदायका जनतालाई भावावेशमा ल्याए, नाराबाजी गरे ती सबै उक्त क्रिमी लेयरका लागि आर्थिक–राजनीतिक लाभको लागि बाटो बन्यो । त्यस बारे मधेशी राष्ट्रको अलग भूमिका र सामाजिक चेतना मार्गनिर्देशक भएर आएको कारण नयाँ राजनीतिक स्पेस ओगटन सफल पनि भएको ठहर हुन पुग्यो । मधेशी जनअधिकार फोरम यसमा केन्द्रिय भूमिका निर्वाह गरे भने बाँकी अन्यको समेत महत्वपूर्ण साथ समर्थन रहे । अन्ततः सबै सामाजिक आन्दोलनहरू कम्युनिष्ट शक्तिको कोअपटेसनमा परेको यथार्थ देखिए भने सामाजिक प्रतिरोधी क्षमता निश्चितै रूपमा कमजोर भए । यसो हुनुको मुल कारण कम्युनिष्ट शक्तिसँग रहेको शिक्षित इन्टेलिजेन्सियाको एक समुह जो आन्दोलनहरू हाँक्दै आएका हुन्छन् । तर दुर्भाग्य अहिले सम्म नेपालका कुनै पनि अन्य आन्दोलन यस खाले शिक्षित इन्टेलिजेन्सियाको आभावमा जहिले पनि भावावेशमा आई एक पटक जोरले मच्चे र त्यसपछि थच्चक बस्ने गरेको देखिन्छ । नेपालको भू–राजनीतिको विशेष महत्व हुनु र यस प्रति सामाजिक आन्दोलन बेखबर हुनु अर्को दुःखद पक्ष रहे तर मधेशी नेतृत्वकर्ता भारतीय संस्थापन पक्षको आस तथा भरोसामा प्रतिरोध आन्दोलनको तयारी गर्नु पनि धोखाको विषय रहेको कारण आफ्नै क्षमता र कार्यकुशलता कायम नगरे सम्म सामाजिक प्रतिरोधको दवाव थेग्न कठीन रहेको तथ्य अब बुझ्ने हो भने उपाय धेरै खोजी गर्न सकिन्छ । अब कसैको प्रोक्सी एजेण्ट भएर भन्दा पनि रणनीतिक साझेदारको रूपमा अस्तित्व कायम गर्ने हो ।

**संक्षिप्त परिचय :** तराई मधेश राष्ट्रिय परिषद सामाजिक–राजनीतिक संगठन हुन । संक्षिप्तमा यसलाई टीएमएनसी बुझ्ने गरेको छ । यसले तराई मधेशमा सामाजिक अभियान र राजनीतिक संघर्षको अगुवाई गर्न वैकल्पिक विचार र आन्दोलनको वैकल्पिक धारको खाका तयार पार्दै जानेछ । अहिले तराई मधेश बारे जे आम बुझाई देखिन्छ, त्यो अपूर्ण र सारसंग्रहवादी सोंच भएकै कारण अवसर खोजी गर्नेहरूको जमात बने । वास्तविकता यो छ कि तराई मधेशका जनता लामो समय देखि लोकतन्त्रको अभ्यास गरी संगठीत हुँदा उनिहरू प्रगतिशिल मानिन्थे । उनीहरूको कुल ग्राहस्थ खुशी उच्च देखिन्थे । न्यायिक हिसावले पनि उनीहरू कम ठगिने गरेको कारण लोकतान्त्रिक मुल्यमान्यता प्रति प्रतिबद्ध देखिन्थे । गलत काम उनीहरूका लागि लाजको विषय हुन्थे । सारमा, उनीहरू जैविक हिसावले नै समाजवादी थिए ।

संसारमा आधुनिक राज्य निर्माणको प्रक्रिया लामो छ र आधुनिक राज्यको निर्माण संगै नेपाल गैर गोर्खा भाषी जनताहरू प्रति गलत नीति अख्तियार गरे । सन् १८१६ पश्चात निर्मम तरिकाले गैर गोर्खा भाषी जनताहरू उत्पीडित हुँदै आए । परिणामस्वरूप नेपालको राष्ट्रियता विवादित नै रहे । एक भाषा, एक भेष तथा हिन्दु धर्म–संस्कृतिले नेपालीको पहिचान गराउने प्रयत्न गरे पनि सारमा पहाडिया एकल जातीय वाहुन आर्यको नेपालीय पहिचान स्थापित भए । यसको विरूद्ध मधेशी जनताले लामो समय लडाई लडेको छ र पटक पटक वलिदानीपूर्ण संघर्ष मार्फत लोकतन्त्र संस्थागत गर्न पहल लिएको छ । स्मरण रहोस् वर्तमानको संघीय लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक व्यवस्थाले समेत मधेशी जनताको स्वतन्त्रता र लोकतन्त्रलाई सम्बोधन गर्न सकेन । यहाँ मधेशी जनता लगायत अन्य क्षेत्रका जनताको आन्दोलन अझ सशक्त र एकिकृत हुनुको सट्टा शिथिल, टुटफुट तथा कैयन अवस्थामा पलायनको शिकार बन्नु परेको कारण के नेतृत्वकर्ताहरूमा देखिएको दिवालियापन हो ? के नेतृत्वकर्ताहरू इमान्दार र जुझारू हुँदैमा उपरोक्त समस्याको निकास आउँछ ? के संसारमा सफलता प्राप्त गरेका आन्दोलनहरू कुशल नेतृत्वकर्ताको अगुवाईले मात्र परिणाम दिए ? अझ यसलाई यसरी भनौं नेतृत्वकर्ताको अवसरवादी चरित्र, पदलोलुप्ता तथा पूर्वाग्रहले मात्र आन्दोलन निर्णायक बन्न सकेन भन्ने हो ? यसको जवाफ दार्शनीकिय तहमा खोजी गर्न सक्नुपर्छ । आन्दोलन विचार र सिद्धान्तले निर्देशित भएको हुनपर्दछ र प्रष्ट रणनीति बनाएर योजना निर्माण हुनुपर्छ । साच्चिकै भन्ने हो भने ट्रायल र इररको गोलचक्कर क्रमभंग हुनैपर्छ । तराई मधेश राष्ट्रिय परिषद यिनै विषयहरू आत्मसात गरेर अगाडि बढ्न जमर्को गर्दैछ । आजसम्म भएका मधेशी विद्रोहको निर्मम समीक्षा गरेर अन्तिम लडाईको तयारी पनि हो यो । तसर्थ, इन्लाइटेन्ड इन्टेलिजेन्सिया (भेन्गार्ड) निर्माण मार्फत सही कार्यदिशा अबलम्बन गरेर अबको तयारी पुरा गर्न नै लामो यात्राको संघर्ष ठहर गर्न पुग्यौं र तराई मधेस राष्ट्रिय परिषदको अगुवाईमा लोकतान्त्रिक समाजको निर्माणको कठोर बाटो तय भएको छ । यस कारणले विचार, योजना, संगठन, र संघर्षको केन्द्रिकरण विना तराई मधेश राष्ट्रिय परिषद असफल हुने सम्भवना रहन्छ । लामो समयको गहन छलफल र विमर्शले तराई मधेश राष्ट्रिय परिषद सो लक्ष्य प्राप्त गर्न गठन भएको हो ।

**राष्ट्रिय उत्पीडनको सवाल :** नेपालमा राज्य निर्माणको केन्द्रीय मुल्य नै वर्णाश्रम धर्म विधान रहेको तथ्य सर्वविदितै छ । यसको पूर्ण आकार दिन श्री पशुपति नाथलाई आदिदेव मानेर नेपाली सेना नामको रक्षा वाहिनी संगठीत गरेको इतिहास र वर्तमान संगै व्याख्याकारको रूपमा अनेकौं पुरोहित तथा मठाधिसले रोजगार पाइआएका छन् । सौन्दर्यशास्त्रको जग वसाल्न सोही बमोजिमका चाडवाड तथा पर्वहरूको संयोजन गर्ने र गुठी संस्थान अथवा अन्य संयन्त्रको प्रवन्ध गरेर त्यसको भार वहन गर्ने गरेको कारण नेपाली राष्ट्रियताको नाममा निश्चित जाति विशेषको हामी तथा अन्यको भावना प्रति दुश्मनीपूर्ण व्यवहार लामो समय सम्म चले । मधेशी राष्ट्रियताको जग वर्तमान नेपाली राष्ट्रियताले परिभाषित गरेको अन्य प्रति भाव प्रदर्शित हुने हुँदा पहाडिया हिन्दु आर्यको दवदवाबाट मुक्ति नै राष्ट्रिय मुक्तिको सवाल बनेको छ । मधेशी राष्ट्रियताको दावीले नेपाल वहुलराष्ट्रिय राज्य हुनुपर्ने लक्ष्य केन्द्रीत छ । यसले मात्र नेपाली राष्ट्रियता पुनः परिभाषित गरेर नयाँ करारको ढोका खोल्छ र शक्ति साझेदारी मार्फत सबैको राजनीतिक अस्तित्व कायम गराउने उपाय दिन्छ । तसर्थ, तराई मधेश राष्ट्रिय परिषदको राजनीतिक सवाल भनेको राष्ट्रिय उत्पीडनको सवाल बन्न पुगेको छ ।

**प्रेरणा, सिद्धान्त, लक्ष्य तथा नारा:** संसार भरि नै राष्ट्र–राज्यहरू अगाडिका राष्ट्रहरूको सहमति वेगर माथिबाट थोपरिन पुगे । ती राष्ट्रहरू जो आफ्ना अधिकारहरू कुनै अमुक शासकको अधिनस्त रहेको आफुहरूलाई पाए जहाँ ती शासकवर्ग राज्यको केन्द्रिकृत शक्ति अभ्यास गर्न लागेको थियो । संगै आधर संरचनामा रहेका हजारौं राष्ट्रहरू जो आत्मनिर्णयको अधिकार तथा स्वशासनको अभ्यास गर्न आतुर देखिए, उनीहरू जरै देखि थोपरिएको राज्यहरू जसको कारण उनीहरू राजनीतिक दवदवा भोगे त्यसका विरूद्ध उठीरहेका छन् । मधेशी राष्ट्र समेत नेपालको सन्दर्भमा विगत लामो समय देखि यो राष्ट्र–राज्यको दवदवा विरूद्ध संघर्ष गर्दै आए । मधेशी राष्ट्रियताको स्वशासनको हक आन्तरिक उपनिवेशको अन्त्य संगै हुने र आत्मनिर्णयको अधिकार त्यस पश्चात प्रत्याभूत भई आत्मसम्मानको बोध गर्न सक्षम हुने भनेर नै उनीहरूले लामो संघर्षको बाटो तय गरेका हुन ।

मधेशी आन्दोलन पनि राष्ट्रिय मुक्ति आन्दोलनको विकसित रूप भएकोले सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनीतिक रूपमा देखा परेका समस्याको अन्त्य र राष्ट्रिय स्वतन्त्रता तथा स्वाधिन अर्थतन्त्रको पक्षमा दृढतापूर्वक उभिने काम गर्छ । आन्तरिक उपनिवेशका कैयन पहलुहरू इतिहासको लामो संघर्ष मार्फत मक्किसकेको अवस्थामा छ । २०१८ सालमा दुर्गानन्द झा फाँसीमा झुण्ड्याइनुको परिणाम पञ्चायती शासकलाई नेपालको मुलुकी ऐन मुताविक ब्राह्मण हत्याको कलंक लाग्यो कि लागेन ? नेपालको मुलुकी ऐनले गाई, ब्राह्मण र स्त्रीको हत्या बर्जित भनेको थियो जुन दुर्गानन्द झा प्रति नाकाम सावित भए । यसको एक कारण थियो कि ब्राह्मण हुँदा हुँदै दुर्गानन्द झा मधेशी हुनु नै हामी र अन्य बिचको विभेद देखियो । नेपाली राष्ट्रको हामी परिधि भित्र मधेशी राष्ट्र पर्न नसक्नु अथवा नअटाउनु एक दुर्घटना थियो । हाल प्रा. फेरेन रेक्वेयोको मत अनुसार " साधारणतया यस्तो लाग्छ कि अन्तरसाँस्कृतिकताको सवाल तथा सोझो रूपमा वहुलराष्ट्रियताको सवालले लोकतान्त्रिक वहसको निम्ति नयाँ मुद्दाहरू खडा गरे । साथै जुन तरिकाले परम्परागत राजनीतिक उदारवादले यी सोंचहरू विकास गरे, वास्तवमा हामी भन्न सक्छौं कि यी नयाँ मुद्दाले लोकतान्त्रिक वैधता तथा वहुलराष्ट्रिय सन्दर्भमा संघीयताको एक विशेष सिद्धान्तको निम्ति छलफलको प्रमुख विषयहरूको अर्थ राख्दछ जसले राष्ट्रिय अल्पमतका अधिकारहरू अन्यायोचित, विभेदकारी र नैतिक रूपमा अतार्किक जस्तो हेर्ने परम्परागत धारलाई परास्त (निस्तेज) गर्छ ।" यसअर्थमा मधेशी आन्दोलनको लक्ष्य वहुलराष्ट्रिय राज्य नेपालको निर्माण संग जोडिनपुग्छ । ब्रुस स्टिभको सन् २००३मा प्रकाशित पुस्तक 'Nation' In politics and Religion मा उल्लेख भएको सन्दर्भ टेक्दै आफ्नो लेख Bringing Indigenous Bolivian Back into the Centre : Evo Morales' Indigenist Nationalism मा बेञ्चसप लेख्छन् –

> ब्रुस (२००३) देखाउँछ कि राष्ट्रिय मुक्ति आन्दोलनको दुई आधारभूत लक्ष्य छ : (१) नयाँ वैधताको आधारहरू स्थापित गर्नु र (२) 'हामी' पहिचान गर्नु जसले नयाँ राष्ट्रिय ईकाइ गठन (निर्माण) गर्नेछ (पृ. ४२)।

उपरोक्त रणनीतिक लक्ष्य हासिल गर्न मधेशी आन्दोलन सफल भयो कि असफल भन्ने सवालसँगै वर्तमान अवस्थामा मधेशी आन्दोलनको अवस्था र अब के गर्ने ? बारे ठोस जवाफ खोजी हुन सके निश्चितै रूपमा फलदायी बन्ने देखिन्छ । अहिले पनि जहाँ जहाँ सामाजिक आन्दोलन मार्फत प्रतिरोध क्षमता बढोत्तरी हुन पुगेको ठहर भयो, तत तत् ठाउँहरूमा रणनीतिक प्रष्टता प्रकट भएको थियो । बोलिभिया लगायत ल्याटीन अमेरिकी देशहरू स्पेनिश वर्चश्वबाट मुक्ति पाउन तिनै रणनीतिक सवालको जवाफ खोजी गरे भने त्यस घटनाबाट मधेशी आन्दोलन प्रेरणा लिन सक्ने हो कि होइन ? अथवा यस्तै दक्षिण एसियामा हुने गरेका अन्य मुक्ति आन्दोलन चाहे त्यो झारखण्ड मुक्ति मोर्चाको आन्दोलन होस् कि खातिस्तान स्वतन्त्रताको आन्दोलन, ती सब मधेशी आन्दोलनको प्रेरणा बन्ने देखिन्छ । यसले राष्ट्रिय मुक्ति आन्दोलनको कार्यदिशा ठोस गर्न सघाउँछ र नेतृत्वलाई सचेत बनाउँछ । तसर्थ मधेशी आन्दोलनको रणनीतिक नारा तय हुनु अनिवार्य देखिन्छ र केही कार्यनीतिक नाराहरू स्पष्ट तवरले सोच्न जरूरी देखिन्छ ।

**अन्तरविरोध बारे :** अन्तरविरोधको सवालमा कम्युनिष्ट शक्ति खुलेर धारणा बनाउँछ भने बुर्जुवा शक्ति यस बारे मौनता साँध्छ । कम्युनिष्ट शक्ति आफैं वर्ग पक्षधरता हुनुको कारण वर्गिय अन्तरविरोध प्रधान अन्तरविरोध भनेर किटान गर्छ । नेपालको सन्दर्भमा उनीहरू वर्ण, लिङ्ग, जाति, समुदाय तथा उपेक्षित क्षेत्रको सवाललाई गौण अन्तरविरोध बुझ्दै कहिलेकाहीं उपयोगको लागि महत्व दिएको पाईन्छ । खस क्षेत्री एकता समाज( आदिवासी/ जनजाति)को कार्यनीति र कार्यदिशामा यस बारे निम्न अनुसारको निष्कर्ष निकालेको देखिन्छ –

> सामन्तवाद, नोकरशाही, दलाल, पुँजीपतिको सर्वसत्तावादी, बाहुनवाद, साम्राज्यवाद, बिस्तारवाद, वैदेशिक एकाधिकार पुँजीवादसँगको जातीय मुक्ति आन्दोलनको अन्तरविरोध देखाउँदै आन्तरिक र वाह्य अन्तरविरोध, त्यस्तै प्रधान र गौण अन्तरविरोध र प्रधान शत्रु किटान गर्नु एक जमानाको कम्यूनिष्टले राज्यसत्ता कब्जा गर्ने रणनीतिको नक्कल सिवाय केहि हुन्न । यो हाम्रो आफ्नै धरातलिय यथार्थ मुल्यांकन पनि होईन ।
>
> हाम्रो समाजमा वर्ग विकासको कडी नै वर्ण हो । यसर्थ सामन्तवाद, नोकरशाही, दलाल, पूँजीपति वर्ग भनेकै केहि अपवादलाई हटाएर बाहुनवादी एकल जातीय सर्वसत्तावादको प्रतिबिम्ब मात्र हो । यसैले प्रमुख अन्तरविरोध भनेकै बाहुनवाद र राष्ट्रिय मुक्ति आन्दोलन विचको अन्तरविरोध हो । यसैले प्रहारको केन्द्रबिन्दु कुनै बुख्याँचा उभ्याएर हैन सिधै बाहुनवादी सर्वसत्तावादमा केन्द्रित हुनु पर्दछ (कार्यनिति र कार्यदिशा: २०६३, पृ. १३) ।

उपरोक्त सटीक विश्लेषणले नेपाल लगायत दक्षिण एसियाको राष्ट्रिय मुक्ति आन्दोलनको अन्तरविरोध बारे स्पष्ट मत बनाएको देखिन्छ । यहाँ पहाडिया हिन्दु वाहुनवादी सर्वसत्तावाद विरूद्ध राष्ट्रिय मुक्ति आन्दोलन केन्द्रित हुनुपर्ने तर्क संगै मधेशी राष्ट्रियताको दावीले अबको दिनमा हामी को होइनौं भन्ने सवालको सार्थक जवाफ खोज्नैपर्छ । राजनीतिकशास्त्री श्यामुल पी. हन्टीङ्टनको मत अनुसार हामी को हौं बुझ्न हामी को होइनौं भनी बुझ्न अनिवार्य देखिन्छ र अनि मात्र हामी कसका विरूद्ध हुने विषय टुङ्गो लाग्छ । हामी मधेशी हौं र यहाँका आदिवासी हौं भनी बुझ्न हामी करिब एक हजार बर्ष अगाडि दक्षिणका मुश्लिम शासकसँग युद्धमा पराजित भई पहाडका खोंच र कान्दारामा आश्रय लिन आएका विदेशी होइनौं भनी बुझ्न अनिवार्य छ । गंगाको समतल भूभागमा कृषि तथा पशुपालनको संस्कृति मार्फत विकसित लोक जीवन तथा धार्मिक एवम् साँस्कृतिक सहिष्णुताले लोकतन्त्रको मर्म जोगाएका मधेशी राष्ट्रियता विशिष्ट पहिचान सहित नेपालको दक्षिणी सीमाक्षेत्रमा बसोबास गरीआए । प्राकृतिक विपद लगायत राज्य प्रायोजित उत्पीडनबाट जोगिन सफल मधेशी राष्ट्रियता आफैंमा सशक्त रहेको मानिन्छ । लामो समय सम्म एकै ठाउँमा बसोवास गर्न सक्नु नै उनीहरू बलियो प्रणाली अनुरूप स्वशासित भएको बुझिन्छ । बलियो सामाजिक संरचना तथा आर्थिक प्रणाली अनुसार पूर्णतामा बाँचेका मधेशी राष्ट्रियता उपर आधुनिकताको कृतिम राज्य प्रणाली थोपरेर उनीहरू उपर वर्चश्व कायम गर्दा उपनिवेश सरह सत्ताधारीले व्यवहार गरे । बोलिभियाली नेता अल्वारो गार्सिया लिनेराको मत अनुसार यो निरन्तरताको धार हो र यो सुखको धार पनि हो । यस कारणले कि २५०वर्ष भन्दा अधिक समय

*क्रमशः...*

## मधेश अपडेट

### दलित विद्यार्थीलाई प्रदेश सरकारको सहयोग

जनकपुरधाम । आर्थिक समस्यामा परेका एमबीबीएसमा अध्ययनरत तीन दलित विद्यार्थीलाई प्रदेश २ सरकारले आर्थिक सहयोग उपलब्ध गराएको छ । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मंगलबार तीनै जना विद्यार्थीलाई रू. साढे तीन लाखको दरले चेक हस्तान्तरण गरेका छन् । सो अवसरमा सामाजिक विकासमन्त्री नवलकिशोर साह, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, मुख्यमन्त्री कार्यालयका सचिव हरि फुँयालसहितको उपस्थिति रहेको थियो । छात्रवृत्तिमा नाम निकाली नेशनल मेडिकल कलेज वीरगञ्जमा अध्ययनरत तीनै जना विद्यार्थीलाई खान र बस्न समस्या भएपछि प्रदेश सरकारले आर्थिक सहयोग गर्ने निर्णय गरेको थियो । प्रदेश सरकारको आर्थिक सहयोग पाउनेमा छिन्नमस्ता गाउँपालिका-२ का दिनेश मरिक डोम, सर्लाही ईश्वरपुर नपा-१ का रूकेशकुमार राम र प्रमोदकुमार राम रहेका छन् । दिनेश मरिक डोम समुदायबाट एमबीबीस पढ्ने पहिलो व्यक्ति हुन् भने रूकेशकुमार राम र प्रमोदकुमार राम दाजुभाइ हुन् । यसैबीच उपचार खर्चको आभावमा अपाङ्ग भएका महोत्तरी पिपराका शम्भु मिश्रलाई प्रदेश सरकारले उपचारका लागि रू ५० हजार उपलब्ध गराएको छ ।

### संचारको विना विकास अधूरा : मेयर गुप्ता

रौतहट । गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले संचारको सहयोग विनाको विकास सम्भव नरहेको बताएका छन् । विकासमा संचारको महत्व कस्तो भन्ने प्रश्नको जवावमा मेयर गुप्ताले विकासको सम्बाहकको रूपमा संचार रहेको दावी गरेका छन् । उनले भने पत्रकारिता राष्ट्रको चौथो अंगको रूपमा रहेको छ सरकारको विकासको कार्यलाइ जनता समक्ष पुर्याउने कार्यमा संचारको भूमिका महत्त्वपूर्ण रहेको छ । सूचना सार्वजनिक गर्नेदेखि लिएर सरकारका गतिविधिको जानकारी गराउने साधन समेत संचार नै रहेको ठोकूवा गरे । उनले थपे संचारको सँगै पत्रकारको पनि वृति विकास गर्नु जरूरी रहेको छन् । मुलुकमा संघीयता आइसकेपछि गठन भएको स्थानीय तहको जिम्मेवारी पनि बढेको औल्याए । मेयर गुप्ताले गौर नगरपालिका भौतिक पूर्वाधार ,सामाजिक विकास , शिक्षाको स्तरउन्नती ,स्वास्थ्य क्षेत्रको सुधारको साथै पत्रकारिताको विकासलाइ मुख्य प्राथमिकतामा राखेको बताए । पत्रकारिता स्वतन्त्र रहेकोले आलोचना समालोचना गर्नु सकारातमक रहेको बताउँदै मेयर गुप्ताले स्थानीय सरकारले गल्ती गरे सचेत गराउनु पर्ने र गरेको कार्यलाइ पनि जनता माझ पुर्याइदिने धरना राखे ।

### क्षमता विकास हुनु पर्नेमा जोड

मणि प्रसाद गैह्रे, कपिलवस्तु । महिलाहरूको हकअधिकार प्राप्त गर्नका लागि महिलाहरूको क्षमता विकास गर्नु पर्ने एक कार्यक्रमका सहभागिले बताएका छन् । नेपाल महिला संघ कपिलवस्तुले तौलिहवामा राखेको कार्यकर्ता भेटघाटमा सहभागिहरूले यस्तो धारणा राखेका हुन् । कार्यकममा वोल्दै पुर्व सिंचाई राज्य मन्त्री एवं काग्रेंस जिल्ला सभापति सुरेन्द्रराज आर्चायले संविधानले प्रदत गरेका अधिकार महिलाहरूले पाउन नसेकोको बताए । स्थानीय तह तथा राज्यका निकायमा महिलाको आरक्षण सूरक्षित भएपनि अझै पनि सो पदमा बसेर नेतृत्वदायी भुमीका निर्वाह गर्न नसकेको हुंदा महिलाहरूलाई क्षमता विकास गर्नु पर्ने बताए । साथै आर्चायले ग्रामिण क्षेत्रका महिलाहरूको हक हितको लागी सचेतना मुलक कार्यकम पार्टी तथा सारेकारवालाहरूले मिलेर गर्नु पर्ने बताए ।

### ज्येष्ठ नागरिक केन्द्रलाई सहयोग

नेपालगञ्ज । नेपालगञ्जस्थित निलसागर असहाय, अशक्त तथा ज्येष्ठ नागरिक केन्द्रलाई रू तीन लाख सहयोग प्राप्त भएको छ । नेपालगञ्जका प्रतिष्ठित व्यक्तिहरूको मर्निङवाक समूहले तिहारमा देउसीभैलो खेलेर सङ्कलन गरेको उक्त रकम केन्द्रलाई प्राप्त भएको हो । केन्द्रमा सोमबार आयोजित कार्यक्रममा देउसीभैलो समूहका संयोजक एवं नेपालगञ्ज मेडिकल कलेजका प्रबन्ध निर्देशक डा सुरेशकुमार कनौडियाले केन्द्रका अध्यक्ष सरिता खनाललाई रू दुई लाख ७५ हजारको बैंक दाखिलाको भौचर र रू २५ हजारको चेक हस्तान्तरण गरेका थिए । सो अवसरमा डा कनौडियाले मर्निङवाक समूहका तर्फबाट भोलिका दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । राष्ट्रिय मानवअधिकार आयोग नेपालगञ्जका प्रमुख चन्द्रकान्त चपागाईंले मर्निङवाक समूहको यो सहयोग मानवीय भावनाले ओतप्रोत छ भने । निलसागर केन्द्रमा हाल ३८ असहाय वृद्धवृद्धा तथा बालबालिका छन् । मनकारीको सहयोगले केन्द्रको खर्च चलिरहेको अध्यक्ष खनालले बताए । यसैबीच, नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख डा धवलशम्शेर राणाले आफ्नो एक महीनाको तलबभत्ता यहाँका मुस्लिम अनाथ बालबालिकालाई प्रदान गरेका छन् । चुनावका बेला आफूले पाउने तलबभत्ता व्यक्तिगत प्रयोजनमा खर्च नगर्ने घोषणा गरेका नगरप्रमुख राणाले सोमबार स्थानीय गौसिया जाउल इस्लाम मदरसामा अध्ययनरत अनाथ बालबालिकालाई रू ५० हजार सहयोग गरेका हुन् ।

### सांस्कृतिक महोत्सव हुने

कैलाली । सुदूरपश्चिम प्रदेशकै कला, संस्कृति, पर्यटन, व्यापार, कृषि प्रवर्द्धन गर्ने उद्देश्यले धनगढी उपमहानगरपालिका-१४ को फूलवारी गाउँमा महोत्सव आयोजना हुने भएको छ । स्थानीय कला संस्कृति, कृषि पर्यटन र व्यापार प्रवर्द्धन गर्न यही पुस ५ देखि १४ गतेसम्म महोत्सवको आयोजना गरीएको हो । फूलवारी गाउँमा रहेको न्यू बुद्ध स्पोर्ट युवा क्लबले उक्त महोत्सवको आयोजना गरेको हो । क्लबले फूलवारीमा आयोजना गर्न लागेको यो तेस्रो संस्करणको महोत्सव हो । महोत्सवमा स्थानीय एवं राष्ट्रियस्तरमा उत्पादन सेवाहरूको वृहत व्यापार मेला, स्थानीय तथा सुदूरपश्चिम प्रदेशमा उत्पादित कृषि उपजको प्रतियोगितात्मक प्रदर्शनी, खुल्ला लोकदोहोरी प्रतियोगिता, विभिन्न जातजातिको सांस्कृतिक झाँकी प्रदर्शनी, आदिवासी जनजातिहरूको रहनसहन, संस्कृति, वेषभूषाका साथै खानाका परिकार महोत्सवको मुख्य आकर्षणको केन्द्र रहेको छ ।

### स्थानीय निकायमा "बर्थिङ सेन्टर"

विराटनगर । मोरङका स्थानीय तहले बर्थिङ सेन्टर (प्रसूति सेवा) सञ्चालन गरेपछि महिलाको अकाल मृत्यु न्यूनीकरणमा सहयोग पुगेको छ । मोरङका १७ वटै स्थानीय तहले 'वर्थिङ सेन्टर' सञ्चालनमा ल्याएका हुन् । स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएपछि स्वास्थ्य संस्थामा उपकरण तथा शयचाको विस्तार गर्नाका साथै दक्ष स्वास्थ्यकर्मी राखेर सेवा सञ्चालनमा ल्याइएको हो । 'वर्थिङ सेन्टर' को सुविधाले ग्रामीण क्षेत्रका महिलाले आफ्नै स्थानमा सहज रूपले प्रसूति सुविधा पाउन थालेका छन् । धनपालथान गाउँपालिकाले 'वर्थिङ सेन्टर' मा प्रसूति गराएर पहिलो छोरी जन्माउने आमालाई रू पाँच हजारका साथै नेपाल सरकारले दिँदै आएको रकममा थप पाँच सय प्रदान गर्ने निर्णयसमेत गरेको छ । बर्थिङ सेन्टरमा सुत्केरी गराउने महिलालाई निःशुल्क औषधि र अन्य सेवासमेत दिँदै आएको उक्त गाउँपालिकाका स्वास्थ्य शाखा सहसंयोजक ऋषिराम सेठले बताउनुभयो । सेवा सञ्चालनमा आएपछि प्रसूति गराउन सहज भएको सोही गाउँपालिकाका-३ वथुनीदेवी यादवको भनाइ थियो ।

### स्थानीय तह उदासीन

बाँके । जिल्लाका आठवटै स्थानीय तहमा अहिले पनि सुशासन समिति गठनको प्रक्रिया अघि बढ्न सकेको छैन । देश सङ्घीयतामा गइसके पनि स्थानीय तहले जानीजानी सुशासन अभियानमा लापरवाही गरेका छन् । सार्वजनिक सुनुवाइ त परै जाओस् सुशासन समितिसमेत गठन हुन सकेको छैन । स्थानीय तह प्रमुखको संयोजकत्वमा गठन गरिने उक्त समिति जिल्लाका स्थानीय तहमा अहिलेसम्म गठन गरिएको छैन । समितिमा नेपाल उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ, नागरिक समाज, बुद्धिजीवीलगायतको सहभागिता रहने प्रावधान छ । वित्तीय सुशासन कायम गर्न सेवा प्रवाहलाई जनमैत्री बनाउन र समग्र सुशासनको अभ्यासलाई स्थानीय तहको एक अङ्गको रूपमा प्रयोग गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले प्रत्येक तहमा सुशासन समिति गठन गर्ने निर्णय गरी सबै तहलाई गठन प्रक्रिया अघि बढाउन परिपत्र गरेको थियो । यहाँका स्थानीय तहले सो परिपत्रको अटेरी गर्दै आएका छन् ।

### "निगालीको सुन्तला" कैलालीको पहिचान

धनगढी, २५ मंसिर । 'लौ आयो हजुर, निगालीको सुन्तला, खानमा निकै स्वादिलो ।' सुन्तला व्यापारी नरेन्द्र धामी सोमबार धनगढी बजारमा निगालीको सुन्तला बेच्न यसरी प्रचार प्रसार गरिरहेको भेटिए । सडक छेउमा निगालीको सुन्तला राखेर प्रचार भइरहेको सुनेका सुन्तलाका पारखीका लागि 'ढुङ्गा खोज्दा देउता मिले' झैं भयो । कसैले एक किलो र कसैले दुई किलोका दरले उक्त सुन्तला खरीद गरे । कैलालीको पहाडी क्षेत्र निगालीमा उत्पादन हुँदै आएको सुन्तला निकै स्वादिलो हुने गरेका कारण सो क्षेत्र सुन्तला उत्पादनमा पहिचान बनाएको छ । निगालीमा यस वर्ष समयमै वर्षा भएका कारण सुन्ताला उत्पादन वृद्धि भएको पाइएको व्यापारी धामीले बताए । 'बगैंचामा यतिबेला सुन्तला थोकमा खरीद गर्ने व्यापारीको तानातान छ', धामीले भने, 'व्यापारीले पूरै बारीको ठेक्का बोलेर सुन्तला खरीद गर्ने गरेका छन् ।' निगाली क्षेत्रमा यस वर्ष एउटै रूखमा पाँच क्विन्टलसम्म सुन्तला फलेको पाइएको अर्का व्यापारी मनोज धामीले बताए ।

# बुद्ध परिपथको निर्माण आवश्यक : राष्ट्रपति भण्डारी




चन्द्रकान्त खनाल, रूपन्देही । राष्ट्रपति बिद्यादेवी भण्डारीले लुम्बिनीमा विश्व बिद्यालयका नवनिर्मित ५० करोड भन्दा बढी लागतमा निमार्णधिन ७ वटा भवनको उदघाटन गरेकी छन् । लुम्विनी बौद्ध बिश्व बिद्यालयको १४औ बार्षिक उत्सवका अवसरमा लुम्विनीमा आयोजित एक कार्यक्रमका बिच राष्ट्रपति भण्डारीले उक्त भबन उदघाटन गरेकी हुन् । उक्त समारोहमा बोल्दै उनले शान्ती समृद्धिको मुल आधार रहेको भन्दै राष्ट्रपती भण्डारीले करूणा, सद्भाव र मैत्रीको रूपमा रहेका अग्रदुत बुद्धको उपदेशलाई विश्व शान्तीको भावनमा विकास गर्नुपर्ने वताईन । राष्ट्रपति भन्डारीले शान्ति र समृद्धिको मुल आधार बौद्ध शिक्षा भएको समेत बताइन् ।

बौद्ध विश्व विद्यालयमा पढ्नकोलागि विश्वका विभिन्न देशमा विद्यार्थी आर्कसित गर्ने गरी अध्ययान गर्ने वातावरण सृजना गर्नुपर्ने बताईन ।बुद्ध र लुम्बिनी विश्वमा दुबै परिचित रहेको भन्दै राष्ट्रपती भण्डारीले लुम्बिनी विश्व विद्यालय आवश्यकता अनुसार अझ परिस्कृत रूपमा अगाडी बढ्नको आग्रह गरिन् । विश्व विद्यालय शान्तीको ज्ञान छर्ने विश्व स्तरको प्राज्ञिक थलो बन्नुपर्ने भन्दै उनले सिङ्गा राष्ट्रको विकासमा लुम्बिनी बौद्ध विश्व विद्यालयले परिवर्तीत सन्र्दभलाई आत्मसाथ गर्दै समृद्धि नेपालको आकांक्षा पुरा गर्नेमा आशा व्यक्त गरिन् ।

राष्ट्रपति भण्डारीले देश समृद्धिको बाटोमा अगाडी बढाउनका लागि लुम्बिनी, तिलौराकोट, रामग्रामलाई चक्रपथको रूपमा विकास गरी अन्य स्थानहरू समेत जोडेर बुद्ध परिपथको निर्माण गर्नु आवश्यक रहेको बताइन् । भैरहवामा निर्माणाधीन अवस्थामा रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमान स्थलले विदेशी पाहुनाहरू स्वागतमा आतुर रहेको भन्दै राष्ट्रपति भण्डारीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पुर्णरूपमा सञ्चालनमा आएपछि लुम्बिनीको गरिमा झनै बढ्ने आशा व्यक्त गरेकी छन् ।

कार्यक्रममा प्रदेश नम्बर ५ का प्रदेश प्रमुख उमाकान्त झाले लुम्बिनी रामग्राम, तिलौराकोट लगायतका ऐतिहासिक क्षेत्रको खोज र अनुसन्धान गर्नमा विश्व विद्यालयको भूमिका महत्वपूर्ण हुने बताए । कार्यक्रममा संस्कृती, पर्यटन तथा नागरिक उड्ययनमन्त्री रविन्द्र अधिकारीले लुम्बिनीलाई विश्वका शान्ति र ज्ञानप्रेमिको आस्थाको केन्द्र बनाउन सरकारले विशेष प्राथमिकताका साथ लुम्बिनी गुरू योजनालाई पुरा गर्न लागेको बताए । लुम्बिनी गुरूयोजनको काम अबको तीन वर्षमा सक्ने गरी कार्य अगाडी बढाइएको बताउँदै गुरूयोजना सक्नका लागि एकै पटक ग्लोवल टेन्डरको आह्वान गर्न लागेको बताए । सो अबसरमा पुर्व उप कुलपती प्रा.डा. नरेशमान बज्राचार्य र प्रा.डा त्रिरत्नलाल बज्राचार्य, पुर्व रजिष्टार पिताम्बर लाल यादवलाई समेत सम्मान गरिएको थियो ।

**सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरूमा ध्यान पुऱ्याउन हुन सम्बन्धित सबैलाई अनुरोध छ ।**

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
- सडकमा बाटो काट्नुपर्दा जेब्रा क्रसिङ्ग, आकाशेपुल सब-वे अथवा पेलिकन बत्ति वा कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट मात्र बाटो काटौं ।
- चोक बत्ति भएको ठाउँमा पैदलयात्रीले, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ति तथा सवारीचालकले सवारीसाधनका लागि व्यवस्था गरिएको हरियो बत्ति बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा कहिल्यै पनि मोबाइल फोनको प्रयोग नगरौं ।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं । विपरीत दिशाबाट आउने सवारीसाधनको लेनमा प्रवेश नगरौं ।
- पैदलयात्रीले जान/अन्जानमा बाटो काट्न लागेको देखिएमा गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।
- भिन्न क्षमता भएका (शारिरीक कमजोरी तथा दृष्टिविहीन) नागरिकलाई प्राथमिकता दिई सडक प्रयोगमा सहयोग गरौं ।
- तोकिएको ठाउँ (बस स्टप वा टेम्पो स्टप) बाट मात्र यात्रु चढ्ने ओरोल्ने बानी बसालौं ।
- सडक विभागको मापदण्ड तथा सवारीसाधनको क्षमताभन्दा बढी वजन बोक्नमा रोक लगाऔं ।

हामी सबैले ट्राफिक नियमको पालना गरौं र गर्न लगाउँ
दुर्घटनाबाट बचौं र बचाऔं
सार्वजनिक हितका लागि

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**सडक सुरक्षा तथा ट्राफिक शाखा**

नेपालको संविधानले प्रत्याभूत गरेको खाद्यसम्बन्धी हक, कृषि विकास मन्त्रालयका नीति तथा प्रतिबद्धताहरूलाई मूर्तरूप दिन एवं कृषि विकासको २० वर्षे रणनीति (ब्म्क) को सहयोगी परियोजनाको रूपमा आ.व. २०७३/०७४ देखि १० वर्षका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नेपालभरि नै लागू भएको छ । भूमिको वैज्ञानिक उपयोग, आधुनिक कृषि प्रविधिहरूको अवलम्बन, कृषिको यान्त्रिकीकरण, कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास, कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण लगायतका रणनीतिहरू अवलम्बन गरी कृषिको आधुनिकीकरण र औद्योगिकीकरण गर्ने लक्ष्य यस परियोजनाले लिएको छ । यस परियोजनाबाट लाभान्वित हुन सम्पूर्ण व्यावसायिक कृषक, कृषक समूह/सहकारी/उद्यमी एवं निजी उद्यमीहरूलाई परियोजना अन्तर्गतका जोन कार्यान्वयन इकाई, सुपरजोन कार्यान्वयन इकाई र जिल्ला कृषि विकास कार्यालयहरूमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना व्यवस्थापन इकाई**
खुमलटार, ललितपुर ।
फोन नं. : ०१५५२०३४६, ०१५५२१६१९
ई-मेल : pmamp.pmu@gmail.com
वेबसाइट : www.pmamp.gov.np

**“खुलेर बोलौं विभेद रोकौं”**
**“महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं”**
**“दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं”**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



## संक्षिप्त समाचार

### स्वास्थ्य संस्थाको अनुगमन

रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ४ मा रहेको स्वास्थ्य संस्थाको मंगलबार स्थलगत अनुगमन गरिएको छ । राजदेवी नगरपालिकाका शिक्षा, स्वास्थ्यको क्षेत्रमा देखा परेका समस्याको समाधान तथा स्तरीय सेवा प्रवाह गराउने उद्देश्य राखेर स्वास्थ्य सस्थाको अनुगमन गर्न शुरू गरिएको हो । निमित प्रमुख प्रशासकीय अधिकृतको रूपमा दिलीप सिंह धामी नगरपालिकामा आएपछि सिस्टेमेटिक ढंगबाट कामको प्रक्रिया अगाडि बढाएका हुन् । अधिकृत धामीले अनुगमनको क्रममा ४ जना कर्मचारी अनुपस्थित फेला परेको बताएका छन् । कार्यालयमा हाजिर नभएका कर्मचारी सित स्पस्टीकरण सोधिएको धामीले जनाएका छन् । अनुगमनको क्रममा भौतिक पूर्वाधारको सम्वन्धमा छलफल गरिएको समेत धामीले बताएका छन् ।

### गोइत समूहका नेताहरूले हतियार बुझाए

सप्तरी । जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) का अधिकांश नेताले राजविराजमा हतियार बुझाउँदै राजनीतिको मूल धारमा आउने निर्णय गरेका छन् । क्रान्तिकारीका अविनाश भनिने उपेन्द्र यादवसहित ११ जना केन्द्रीय सदस्यले वार्ता टोलीसमक्ष १३ थान हतियार बुझाउँदै राजनीतिको मूलधारमा आएको सार्वजनिक गरेका हुन् । वार्ता टोलीका संयोजक सोमप्रसाद पाण्डेय, सदस्य सुरेश आले मगर र ताराकान्त चौधरीलाई अविनाश नेतृत्वको समूहले १० थान कटुवा पेस्तोल, एक थान लामो नाल भएको कटुवा, दुई थान रिभल्बर, १२ थान गोली र एक थान डेटोनेटर बुझाएका छन् ।

### फाउण्डेशनको अध्यक्षमा शाहबुद्दिन

वीरगंज । कांग्रेसका युवा नेता तथा सो पार्टीको वीरगन्जका पुर्व नगर सभापति मोहमद शाहबुद्दिनको संयोजकत्वमा जिपी कोइराला फाउण्डेशन पर्साको जिल्ला समिति चयन भएको । फाउण्डेशनको केन्द्रीय समितिले गरेको परिपत्र अनुसार गठित पाँच सदस्यीय समितिमा मनोहर कुमार साह, दिलीपराज कार्की, सरोज कुमार चौरसिया र मिन्टु देवी सिंह सदस्य रहेका छन् । केन्द्रीय समितिले जिम्मेवारी तोके अनुसार यस समितिले गराउने अधिवेशनले जिल्ला समिति, सल्लाहकार समिति र प्रेस सल्लाहकार समिति चयन गर्ने छ । वीरगन्जको आदर्शनगरस्थित फाउण्डेशनको बैठकले मंसिर २९ गते आउदो शनिवारका दिन जिल्ला अधिवेशनको दिन तोकेको छ । समाजमा लोककल्याणकारी सेवासंगै र लोकतन्त्र, समाजवाद तथा राष्ट्रियताको पक्षमा कार्य गर्ने संयोजक शाहबुद्दिनले बताए ।

### लोकप्रिय सन्देश दैनिकद्धारा रक्तदान

नेपालगञ्ज । नेपालगञ्जबाट नियमित प्रकाशन भईरहेको लोकप्रिय सन्देश दैनिकले सोमबार रक्तदान कार्यक्रम गरेको छ । लोकप्रियले छैठौं बर्ष प्रवेशको अवसरमा २०७५ जठदेखि सुरू गरेको रक्तदानको यो तेश्रो श्रृंखला हो । कार्यक्रममा पत्रकार पवन जायसवालले ७७ औं पटक रक्तदान गरे । उनी गोपीलाल बैश्यपछिका सर्वाधिक धेरै रक्तदान गर्ने व्यक्ति हुन् ।

### ट्याक्टरबाट खसेर युवकको मृत्यु

कैलाली । कैलालीमा ट्याक्टरबाट खसेर एक युवकको मृत्यु भएको छ । लम्की चुहा नगरपालिका-१ स्थित राजमार्गमा सोमबार बेलुका भे.१ त ५८२८ नम्बरको ट्याक्टरबाट खसेर सोही स्थान बस्ने ३२ बर्षीय अर्जुन चौधरीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### माइक्रोबसको ठक्करबाट मृत्यु

रूपन्देही । तिलोत्तमा नगरपालिका-३ स्थित सडकमा मंगलबार बिहान लु.२ ख २३८ नम्बरको माईक्रोबसको ठक्करबाट गम्भीर घाइते भएकी पैदलयात्री सोही स्थान बस्ने ५४ बर्षीया टिका पौडेलको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले उद्धार एवं आवश्यक अनुसन्धान गरिरहेको छ ।

### रकम ठगी गरेको अभियोगमा पक्राउ

धनुषा । मिथिला नगरपालिका-८ स्थित शिक्षा नीति अभ्यास केन्द्रको फिल्ड को(अर्डिनेटर पदमा नियुक्ति गराइदिन्छु भनि रकम ठगी गरेको अभियोगमा सर्लाही हरिपुर नगरपालिका-२ बस्ने ३१ वर्षीय बीरेन्द्रकुमार चौधरी भन्ने वीरेन्द्र कुमरलाई गत शुक्रबार प्रहरीले पक्राउ गरेको छ । कुमरले उक्त नियुक्ति गराइदिन्छु भनी प्रलोभनमा पारी रकम ठगी गरेको भन्ने पीडितबाट उजुरी प्राप्त भएपछि अनुसन्धानमा खटिएको प्रहरीले खोजी गर्ने क्रममा धनुषा मिथिला नगरपालिका(६ मा फेला पारी पक्राउ गरेको हो ।

### कृषि सामग्री हस्तान्तरण

मणि प्रसाद गैह्रे, कपिलवस्तु । रूपन्देहीको दक्षिणी पश्चिमी पिछडिएको क्षेत्रमा एक कार्यक्मका बीच स्थानीय किसानहरूलाई कृषिजन्य सामग्री तथा साधनहरू वितरण गरिएको छ । कोटहीमाई गाउँपालिकाको वडा नं ४ बैरघाटमा आइतबार एक कार्यक्मका बीच उक्त सामग्रीहरू वितरण गरिएको हो । कतार च्यारिटी नेपालको सहयोग र लुम्बिनी एकीकृत विकास संस्था कपिलवस्तुको व्यवस्थापनमा उक्त सामग्रीहरू वितरण गरिएको हो । स्थानीय गाउँपालिकाले छनौट गरेका विपन्न तथा गरिव किसानहरूका लागि आयआर्जन गर्नका लागि जिविकोपार्जन परियोजना साना किसान सहायता कार्यक्म संचालन गरी उनीहरूलाई साम्रगी वितरण गरिएको हो ।

### अन्तर्राष्ट्रिय मैथिली सम्मेलन हुने

जनकपुरधाम । आगामी पुस ७ र ८ गते जनकपुरधाममा अन्तर्राष्ट्रिय मैथिली सम्मेलन-२०७५ हुने भएको छ । सम्मेलनमा नेपाल-भारतका मैथिली सेवी, विद्वान, साहित्यकारका साथै अन्य भाषाका अन्तर्राष्ट्रिय ख्यातिका साहित्यकार, संस्कृतिविद्को सहभागिता रहने जनाइएको छ । सम्मेलनमा समसामयिक विषयमा एक दर्जनभन्दा अधिक कार्यपत्र प्रस्तुत गरिनुका साथै कवि गोष्ठी तथा सांस्कृतिक कार्यक्रमको आयोजना हुनेछ ।

### मधेशी स्वास्थ्यकर्मी फोरममा पाण्डेय

कपिलवस्तु । मायादेवी गाउँपालिका स्तरीय मधेसी स्वास्थ्यकर्मी फोरम नेपाल गठन गरिएको छ । महेश कुमार पाण्डेयलाई सर्वसम्मत अध्यक्षमा चयन गरिएको छ । मायादेवी गाउँपालिकाको हरनामपुरमा बसेको भेलाले पाण्डेयको अध्यक्षतामा १३ सदस्य समिति गठन गरेको हो । संघीय समाजवादी फोरम नेपाल कपिलवस्तुका जिल्ला अध्यक्ष शैलेन्द्र यादवका अनुसार समितिको उपाध्यक्षमा सरोज कुमार साह, सचिवमा श्रवाण कुमार शाह, सहसचिवमा तिलकराम गडारीय र कोषाध्यक्षमा राधिका यादव चयन भएका छन् । यसैगरी सदस्यहरूमा सुरेन्द्र कुमार चौधरी, जंगबहादुर कहाँर, कुलदिप गौंड, अब्दुल हकिक तेली, सविता चौरसिया, सुस्मिता राना, विद्यासागर यादव र रूस्ताम अन्सारी लगायत स्वास्थ्यकर्मीहरू छन् ।

### करेन्ट लागेर मृत्यु

मोरङ । सुन्दर हरैचा नगरपालिका-२ बेलडागी बस्ने ६२ वर्षिया गंगादेवी मेहताको करेन्ट लागेर शनिबार बिहान मृत्यु भएको छ । आफ्नै घरको बरन्डामा लुगा सुकाउने क्रममा करेन्ट लागि गम्भीर घाइते भएकी गंगादेवीको विराट नर्सिङ होम विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

### कपिलवस्तु बहुमुखी क्याम्पसमा पुनः गुप्त

कपिलवस्तु । जिल्लाको जेठो सामुदायिक क्याम्पस कपिलवस्तु बहुमुखी क्याम्पसको ९औं साधारण सभा तथा द्रोस्रो अधिवेशन वाट पुन अध्यक्षमा रामदास गुप्त अध्यक्षमा निर्वाचित भएका छन् । सर्वसम्मत रूपमा गुप्तसहित अन्य संचालक समितिका सदस्यहरू समेत चयन भएका छन् । सदस्यहरूमा सुरेश प्रसाद शर्मा, वावुराम खनाल, देवराज पाण्डेय कैलाश प्रसाद अग्रहरी निर्वाचित भएका छन् । त्यस्तै महिला सदस्यहरूमा माया ज्ञवाली, सुनेता दुवे र इन्दिरा पौडेल निर्वाचित भएको निर्वाचन अधिकृत नुर मोहम्दले जानकारी दिएका छन् ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

मोरङ । ग्रामथान गाउँपालिका-६ स्थित मोरङ-सुनसरी सिँचाइ आयोजनाअन्तर्गतको नहरको सडकमा बुधबार राति मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने अर्का एक घाइते भएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार राति ११ बजे सो सडकखण्डमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को३३प ५६४० नंको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा गम्भिर घाइते चालक सुनसरी इटहरी उपमहानगरपालिका-११ का २२ वर्षीय अक्षय तबदारको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारका क्रममा मध्यराति मृत्यु भएको हो ।

# गोनर सदाले ५४ वर्षमा पाए नागरिकता

**राजु विश्वकर्मा**

नेपालमै जन्मेर यहीँ बस्दै आए पनि नेपाली पहिचान नपाएका सप्तरीको शम्भुनाथ नगरपालिका-५ मोहनपुरका गोनर सदाले ५४ वर्षमा बल्ल पाए नागरिकता प्रमाणपत्र ।

घरकै मूली गोनरको नागरिकता प्रमाणपत्र नबन्दा उनको सिङ्गो ११ जनाको परिवार नै नागरिकताविहीन बनेको थियो । तर, श्रीपुर्राज सामुदायिक विकास केन्द्रको पहलमा गोनरले ५४ वर्षको उमेरमा नागरिकता पाएसँगै उनका परिवारजनले नागरिकता प्राप्त गर्ने बाटो खुलेको छ ।

गोनरको नागरिकता नभएर ४९ वर्षीया श्रीमती अमिरकादेवी, २८ वर्षीय जेठो छोरा सचिन्द्र, २१ वर्षीय माहिलो छोरो रामकुमार, १५ वर्षीय कान्छो छोरो सुनिल, २५ वर्षीया बुहारी आशा, छोरी दुर्गादेवी, १० वर्षीया नातिनी सिर्जना, ८ वर्षीय नाति प्रेम र ५ वर्षीय सुरेन जन्मदर्ता र नागरिकता प्रमाणपत्रविहीन थिए ।

नागरिकता नपाएका तिनीहरू राज्यबाट पाउनुपर्ने सबै प्रकारका सेवा सुविधाबाट वञ्चित रहँदैआएका थिए । स्थानीय साहुमहाजनकोमा हरवा चरवाको रूपमा काम गर्दैआएका गोनर नागरिकता पाउँदा असाध्यै खुशी लागेको बताउँछन् ।

उन भन्छन् - "नागरिकताका लागि सबै निकायमा धाउँदै आए कसैले सुनेका थिएनन् तर, श्रीपुर्राज सामुदायिक विकास केन्द्रले जनप्रतिनिधिहरूसम्म गएर पहल गरेपछि हाम्रो पहिचान स्थापित भयो ।" ढिलै भएपनि नेपाली पहिचान पाएर सदा परिवारमा खुशीको सीमा नै छैन । अब श्रीमती र छोराछोरीको नागरिकता र जन्मदर्ता प्रमाणपत्र बनाउने प्रक्रियामा जुट्ने गोनरको भनाइ छ ।

जन्मेपछि कानूनी रूपमा राज्यका नागरिकहरूको फेहरिस्तमा नाम जोडिनु पर्थ्यो तर, बुबा महेन्द्र सदाको नागरिकता प्रमाणपत्र नहुँदा गोनरसहित उहाँको पूरै परिवार नै नागरिकता प्रमाणपत्र पाउनबाट वञ्चित भए ।

उनी भन्छन् - "बुबाको नागरिकता नहुँदा मेरो जन्मदर्ता बन्न सकेन । अहिले मेरो नागरिकता नहुँदा श्रीमती, छोराछोरी, नातिनातिनीसम्मको पहिचान बन्न नसकेको हो ।" जन्मदर्ता नबन्दा छोराछोरीहरूले विद्यालय जानै पाएनन् ।

वडाध्यक्ष हिरण प्रसाद चौधरीले गाउँमा सर्जमिन मुचुल्का उठाएर नागरिकताको सिफारिश गर्नुभएपछि गोनरले गत २०७५ जेठ महिनामा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट नागरिकता प्रमाणपत्र प्राप्त गरेका हुन् । "गाउँमा नागरिकता टोली आएका बखत कमाउन पञ्जाबमा थिएँ," गोनर भन्छन् - "त्यति बेला छरछिमेकको नागरिकता भयो । हामी छुटिहाल्यौं ।" त्यसयता नागरिकताका लागि तत्कालीन गाविस कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म सिफारिश माग्दै धाए पनि सफलता मिलेको थिएन ।

"नेपालमा जन्मिएँ तर, नेपाली भएको कुनै प्रमाण नहुँदा आफ्नो जीवन नै व्यर्थ भएको महसुस भइरहेको थियो," गोनर भने - "अहिले नागरिकता पाउँदा जीवन नै सार्थक भएको अनुभव भइरहेको छ ।"

नागरिकता नहुँदा राज्यबाट प्रदत्त सुविधाबाट मात्रै होइन समाज तथा समुदायबाट पनि अलग हुनुपरेको दुःखेसो सुनाउँदै गोनरका श्रीमती अमिरकादेवी भन्छिन् - "नागरिकताकै अभावमा गाउँ स्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउन सकिरहेकी थिइनँ तर, अब श्रीमान्ले नागरिकता वञ्चित हुन नपर्ला ।"

दि फ्रिडम फण्डको सहयोगमा आफ्नो संस्थाले सो बस्तीमा हरवा चरवा लक्ष्यित कार्यक्रम सञ्चालन गरेपछि गोनरको सिङ्गो परिवार नै नागरिकताविहीन रहेको तथ्य बाहिर आएको श्रीपुर्राज सामुदमायिक विकास केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरी बताउँछिन् । यस्तो समस्या देखापरेपछि जनप्रतिनिधिहरूसँग निरन्तर छलफल तथा अन्तरक्रिया गरी गोनरलाई नागरिकता दिलाउन पहल गरिएको र त्यसमा सफलता मिलेको उनको भनाइ छ ।

शम्भुनाथ नगरपालिका वडा नं २, ३ र ५ स्थित दलित वस्तीमा नागरिकताको समस्या भयावह रहेको देखिएकाले ती वडाहरूमा जन्मदर्ता, विवाह दर्ता र नागरिकतालगायतका व्यक्तिगत घटना दर्ता गराउन संस्थाद्वारा अभियान समेत शुरू गरिएको छ ।

अभियानका क्रममा सो नगरपालिकाको तीन वटै वडामा ७५ जना भन्दा बढी व्यक्तिले नागरिकता प्रमाणपत्र र १११ जनाले अझै जन्मदर्ता प्राप्त गर्न नसकेको भेटिएको चौधरीले जानकारी दिइन् ।

जनचेतनाको अभावमा नागरिकता र जन्मदर्ताको महत्व नबुझेर पूर्वजहरूले समयमै जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता प्रमाणपत्र बनाउन ध्यान नदिँदा आफ्ना सन्ततिहरूले दुःख पाइरहेको शम्भुनाथ नगरपालिका वडा नं ५ का वडाध्यक्ष हिरण्य कुमार चौधरीले बताए ।

वडाध्यक्ष चौधरीका अनुसार गोनरको परिवारजनलाई नागरिकता प्रमाणपत्र दिलाउन आवश्यक पहल थालिएको छ ।

# साहको संयोजकत्वमा 'मधेश विकास मञ्च' गठन

काठमाडौं । तराई मधेशको विकास निर्माण कार्यमा भइरहेको ढिलासुस्ती एवं अनियमितताका विरूद्धमा आवाज उठाउने उद्देश्यले युवाहरू संगठित भएका छन् ।

शुक्रबार काठमाडौंमा भएको युवाहरूको भेलाले मधेश बिकास मञ्च गठन गर्दै बिकासका मुद्दामा सशक्त आवाज उठाउने निर्णय गरेको छ । काठमाडौंमा अध्ययन एवं विभिन्न पेशामा सक्रिय युवाहरूको सो भेलाले सुभाष साहलाई मञ्चको संयोजक चयन गरेका छन् ।



'मधेश र मधेशीको नाम लिएर भजाउने र सत्तामा पुगेपछि काम नगरी रमाउनेहरू धेरै भए' संयोजक साहले भने, 'अब ती मसिहा तथा वर्षौंदेखि सत्तामा रहेर पनि मधेशको विकास गर्न नचाहने शासकका विरूद्धमा सशक्त आवाज उठाउनेछौं ।'

युवाहरूको भेलाले बर्षौंदेखी बनाउँने भनिए पनि अहिलेसम्म बनाउन नसकिएको हुलाकी राजमार्ग आठ लेनको बनाउनुपर्ने, बारा अन्तर्राष्ट्रिय बिमानस्थल, काठमाडौं-तराई मधेह फास्ट ट्याक लगायत राष्ट्रिय गौरवका योजना बनाउन सरकार, राजनीतिक दल तथा तिनका नेतालाई दबाब दिने संयोजक साहले बताए ।

मधेशमा पर्यटनको विकासका लागि मञ्चले लुम्बिनी-गढीमाई-सिम्रौनगढ-जनकपुर जोडने गरी रेलमार्ग निर्माण हुनुपर्ने माग अघि सारेको छ । यसैगरी रक्सौल-बीरगंज-काठमाडौं तथा पूर्व पश्चिाम रेलमार्ग निर्माण छिटो हुनुपर्ने माग मञ्चमा आबद्ध युवाहरूले गरेका छन् ।

मधेशका राष्ट्रिय वनजङ्गल मासेर निर्माण गरिएका भौतिक संरचना हटाउनुपर्ने, हरियो मधेश निर्माणका लागि एक अर्ब बोटबिरूवा रोप्नुपर्ने अभियान शुरू गर्नुपर्ने माग सरकारसंग गर्दै मञ्चले चुरेसंरक्षण गर्न आग्रह गरेको छ ।

मञ्चले मधेशका प्रत्येक स्थानीय तहका प्रत्येक वडामा अत्याधुनिक पुस्तकालय स्थापना गर्नुका साथै शिक्षा, स्वास्थ्य, कानुन, इन्जिनियर, कृषि, लगायतका शिक्षाका लागि आंगिक एवं उच्च शिक्षाको व्यवस्था गर्नुपर्ने माग सरकासँग गरेको छ ।

यसैगरी धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक स्थल सिम्रौनगढ, गढीमाई, जनकपुरधाम, सहलेस, लुम्बिनी लगायत क्षेत्रको बिकासका लागि महत्वपुर्ण योजना ल्याउन सरकारसँग माग गरिएको छ ।

मधेशका प्रत्येक जिल्ला सदरमुकाममा राष्ट्रियस्तरको खेलमैदान, सभागृह निर्माण गर्नुपर्ने माग अघि सारिएको छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्रिकेट खेलाडी उत्पादन गर्ने कलैयामा अन्तर्राष्ट्रिय स्तरको खेलमैदान निर्माण गर्नुपर्ने माग मञ्चको रहेको छ ।

बन्द अवस्थामा रहेका वीरगंज कृषि औजार कारखाना, वीरगंज चिनी कारखाना, जनकपुर चुरोट कारखाना, भृकुटी कागज कारखाना सहितका उद्योगहरू पुनसञ्चालन गर्नुपर्ने र नयाँ उद्योग स्थापना गरी रोजगारीको सृजना गर्नुपर्ने माग मञ्चले अघि सारेको छ ।




## भारत अभिन्न अंग : आचार्य

काठमाडौं । भारतका लागि प्रस्तावित राजदूत निलाम्बर आचार्यले भारतसँगको सम्बन्धलाई आत्मीय बनाउन आफूले राजदूत हुन चाहेको स्पष्ट पारेका छन् । आचार्यले नेपालको समृद्धिका लागि भारत अभिन्न अङ्ग भएको उल्लेख गर्दै त्यसका लागि आफूले आत्मीय सम्बन्ध कायम राख्न कूटनीतिक पहल गर्ने कामलाई उच्च प्राथमिकता दिने स्पष्ट पारे । संसदीय सुनुवाई विशेष समितिमा आफ्नो योग्यता, क्षमता र भावी योजनाबारे जानकारी दिँदै उनले अरू देशसँग सम्बन्ध विस्तार गर्दा भारतको कटौति हुने बुझाईलाई पनि आफूले अन्त्य गर्ने प्रतिबद्धता जनाए । उनले भारतसँगको सीमा समस्या समाधानमा पनि आफूले उत्तिकै ख्याल राख्ने स्पष्ट पारे । भारतका लागि प्रस्तावित राजदूत आचार्यले भारतसँग नेपालको सीमा खुला भएपनि मन खुला नभएको पनि टिप्पणी गरे । उनले मित्र राष्ट्रको हैसियतमा नेपालले भारतसँग विश्वास निर्माणका लागि खुला मनका साथ काम गर्ने वातावरण बनाउने विषयलाई आफूले प्राथमिकता दिने योजना सुनाए । आचार्यले विगतमा भारतसँग भएको समझदारी कार्यान्वयनमा पनि आफूले जोड दिने स्पष्ट पारे ।

## सुन्तला पर्यटन महोत्सव

काठमाडौं । नेपाललगायत हिमालय शृङ्खलामा जोडिएका देशमा ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भारतस्थित पश्चिम बङ्गालको राजधानी कोलकातामा तीन दिवसीय 'हिमालयन ओरेन्ज टुरिजम फेस्टिबल (सुन्तला महोत्सव)' सम्पन्न भएको छ । भारतको एशोसिएसन फर कन्जरभेसन एण्ड टुरिजमद्वारा आयोजित महोत्सव मङ्सिर २३ गतेसम्म सञ्चालन भएको थियो । कोलकातास्थित भारतका लागि नेपाली महावाणिज्यदूत एकनारायण अर्याल र पश्चिम बङ्गालका पर्यटनमन्त्री गौतम देवले कोलकाताको साल्ट लेकमा रहेको सिटी सेन्टरमा आयोजित कार्यक्रममा महोत्सव भएको थियो । महावाणिज्यदूत अर्यालले नेपाल संसारकै ठूलो प्राकृतिक सङ्ग्रहालय भएको चर्चा गर्दै भारतीय पर्यटकलाई नेपाल घुम्न आउन आह्वान गरे । महोत्सवमा नेपाल, भारत, भूटान र म्यानमारका ग्रामीण पर्यटनसँग आवद्ध दर्जनौँ सङ्घ संस्थाका स्टल थिए । महोत्सवमा इलामको सलकपुर, धनकुटाको खोकु र भोजपुरको सुन्तला धेरैको चासोको विषय बनेको छ । नेपाली स्टलहरूमा सुन्तला, अलैंची, अदुवा, ग्रीनटी, जिम्मु, छुर्पी, अल्लोको कपडा, ढाकाको कपडा, कोदोको पिठोलगायतका कृषि उत्पादनका साथै प्रदेश नं१ का विभिन्न पर्यटकीयस्थल र सामुदायिक घरबासको प्रचारका सामग्री राखिएको थियो ।

स्थानीय सम्वाद

# शीतलहरबाट बच्न हामीले पूर्वतयारी गरेका छौं



**साधना झा**

**उपप्रमुख, राजविराज नगरपालिका, सप्तरी**

**० तपाइँ जनप्रतिनिधिको रूपमा निर्वाचित भएदेखि जनताले महसुस गर्ने खालका के कामहरू गर्नुभो ?**

– यहाँ करिब दुई दशकदेखि कर्मचारीतन्त्रमा अस्तव्यस्तताको अवस्था थियो । ती अस्तव्यस्तालाई हटाउँदै कामहरू अगाडि बढाएका छौं । हामीले गरेका विकासका कामहरू अहिले देखिएको छैन । किनभने हामीले सुरू गरेका कामहरू अहिले सम्पन्न भइसकेको छैन । कतिपय कामहरू सञ्चालनमा छन् भने अन्य कामहरू सुरू गर्ने प्रक्रियामा छौं । मैले गर्ने कामको सन्दर्भमा भन्नुपर्दा न्यायिक समितिमा जति पनि मुद्दाहरू आएका छन्, ती सबैलाई निरूपण गरेका छौं । विकास निर्माणका कामहरूको हामीले नियमितरूपमा निरीक्षण पनि गर्दै आएका छौं ।

**० विकास निर्माणका के-के कामहरू भएका छन् ?**

– विभिन्न किसिमका विकास निर्माणका कामहरू भइरहेका छन् । राजविराज नगरपालिकामा सञ्चालित विभिन्न परियोजनाहरूको काम ७५ प्रतिशत सम्पन्न भइसकेको छ । कुनै पनि काम सुरू गरेर हामीले बीचमै छाडेको अवस्था छैन । केही समस्याहरू आइरहन्छ, किनभने हाम्रो प्रमुख प्रशासकीय अधिकृत परिवर्तन भई नै रहन्छ । हामीले नर्सिङ्ग कलेज सञ्चालनमा ल्याउँदैछौं । राजविराज नगरपालिकामा कोल्ड स्टोर सञ्चालनमा ल्याउँदैछौं जुन यहाँका लागि नमूना नै रहनेछ । त्यस्तै, विभिन्न ठाउँहरूमा अतिक्रमणहरूलाई हामीले हटाएका छौं । सरसफाईको क्षेत्रमा पनि थुप्रै उदाहरणीय कामहरू भएका छन् ।

**० राजविराज नगरपालिकाका मुख्य समस्या के छन् ?**

– राजविराज नगरपालिकाको सबभन्दा ठूलो समस्या ल्याण्डफिल साइडको हो । यसैगरी, यहाँ अतिक्रमित जग्गालाई अतिक्रमणमुक्त गर्नुपर्ने छ । यहाँ लामखुट्टे पनि एउटा समस्या थियो । तर, सरसफाइ गर्दा त्यो समस्या पनि समाधान हुने क्रममा छ ।

**० यस वर्षको बजेटमा के-के प्राथमिकतामा छन् ?**

– हामीले पहिलाको वर्षमा जुन कामहरू गर्‍यौं, त्यसकै कतिपय निरन्तरता छ भने कतिपय नयाँ योजनाहरू पनि ल्याएका छन् । जस्तै, सडक निर्माणका कामहरू छन् त्यसमा निरन्तरता दिइरहेका छौं । गत वर्ष गर्न बाँकी रहेका कामहरूलाई पूरा गर्नेतर्फ लागेका छौं । सबभन्दा ठूलो समस्या के देखियो भने भौतिक पूर्वाधारका काम मात्रै गरेर विकास भएको देखिने अवस्था छैन । अरू पनि क्षेत्रमा काम गर्नुपर्ने हुन्छ । अहिले तत्काल देखिएका समस्याहरू समाधान गर्नेतर्फ लागेका छौं । जस्तै, स्वास्थ्य, शिक्षा, कृषि लगायतमा पनि हामी सुधारका लागि योजनागत रूपमा कामहरू अगाडि बढाएका छौं ।

**० महिलाहरूका लागि के योजना ल्याउनुभएको छ ?**

– महिलाहरूका लागि १० प्रतिशत बजेट छुट्याइएको छ । यसमा निराशाजनक कुरा के छ भने अहिले हामीलाई काम गर्नका लागि पर्याप्त कर्मचारीहरू छैन । कर्मचारी अभावका कारणले हामीलाई काम गर्न अप्ठ्यारो भइरहेको छ ।

**० राजविराज नगरपालिकाका जनता स्थानीय सरकारको कामबाट कतिको सन्तुष्ट छन् ?**

– हामीले गरेको कामबाट यहाँका जनता सन्तुष्ट हुने अवस्था छैन । यहाँ धेरै आकांक्षा, अपेक्षा र सपनाहरू रहेको छ । अहिलेको समय भनेको सुरूवाती अवस्था नै हो । यसभन्दा अगाडि जुन किसिमको अवस्था थियो त्यसलाई सुधार गर्दै जाँदा जनताले पूर्णरूपमा सन्तुष्टि महसुस गर्न सकेका छैनन् । पहिलादेखि नै बिग्रेका संरचनालाई टालटुल गरेर जाने अवस्था छैन । तैपनि विभिन्न अभावका कारण पनि हामीले आफ्नो हिसाबले राम्रै काम गरिरहेका छौं ।

**० भनेपछि अहिलेसम्म जनता सन्तुष्ट छैनन् ?**

– जनता एकदमै असन्तुष्ट नै छन् भन्ने कुरा होइन । तर, स्वाभाविकरूपमा जुन किसिमका आशा र अपेक्षाहरू गरिएका छन्, समृद्धि र विकास खोजेका छन् त्यो कुरा तत्कालै हुँदैन । त्यसका लागि नीतिगतरूपमा काम गर्नुपर्ने हुन्छ । जसले अतिक्रमण गरेका छन्, त्यो हटाउन जाँदा तिनीहरूलाई पीडा भएको छ । नभए सबै सन्तुष्ट नै छन् ।

**० स्थानीय चुनावपछि सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, राजविराज नगरपालिका जनताले महसुस गरेका छन् ?**

– राजविराज नगरपालिकामा सान्दर्भिक नै भन्नुपर्छ । किनभने स्थानीय सरकारबाट पाउनुपर्ने सेवा सुविधाहरू यहाँका जनताले पाएकै छन् । यहाँका जनताले आफूले चाहेका सेवा सुविधाहरू पाएपछि सरकारको अनुभूति निश्चितरूपमा नै गरेका छन् ।

**० विपक्षीहरूको भूमिका कस्तो छ ?**

– यस नगरपालिकामा विभिन्न वार्डहरूमा विभिन्न पार्टीहरूबाट आएपनि जनप्रतिनिधि भएपछि हामी कुनै पार्टी विशेषको नभई विकास पार्टीका हौं भन्ने भावना राखेका छौं । हामीलाई जनताले विकास गर्नका लागि पठाएका हुन भनेर सबैसँग सहकार्य गरेर नै हामी काम गरिरहेका छौं । कसैलाई काखा वा पाखा गरेका छैनौं । त्यसैले यहाँ कुनै किसिमको विवाद वा अवरोध आएको छैन ।

**० तपाईंहरू आफ्नो कार्यकालमा राजविराज नगरपालिकालाई कस्तो बनाउनुहुन्छ ?**

– हामीले आफ्नो कार्यकालमा स्वास्थ्य, शिक्षा, खानेपानी, सडक, कृषिको क्षेत्रमा उल्लेखनीय काम गर्नेछौं ।

**० जसरी शीतलहरका कारण प्रत्येक वर्ष ज्यान गुमाउनेपर्ने देखिन्थ्यो, त्यसबाट बच्ने पूर्वतयारी के छ ?**

– यो हाम्रो लागि साह्रै दुःख र पीडादायी कुरा हो कि नेपालमा एकदमै जाडो हुने वा हिउँ खस्ने ठाउँमा चिसोका कारण मान्छे मर्दैन तर मधेशमा मान्छे मर्छन् । त्यसको एउटा कारण चेतनाको कमी पनि हो । यसका लागि हामी गत पनि पूर्वतयारी गरेका थियौं । त्यसबाट जोगिनका लागि हामीले दाउरा, न्यानो लुगा बाँड्नका लागि पूर्वतयारी अवस्थामा छौं ।

**० अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

– कुनै पनि काम गर्दा मान्छे छायाजस्तै समस्या पनि पछि पछि आइरहन्छ । त्यसबाट डराउनु हुँदैन, आफूले गर्ने काम आफ्ना लक्ष्यका साथ अगाडि बढ्नुपर्छ । जन-जनको हित गर्नका लागि दुनियाले के भन्छ भन्ने कुराको ख्याल नगरी आफूले गर्ने काम इमान्दारीपूर्वक गर्नुपर्छ ।

## विश्व परिवेश

# महिलाहरूका लागि सबभन्दा नराम्रो देश

पाकिस्तानको आधी जनसङ्ख्या जति (४९ प्रतिशत) महिलाहरू भएपनि तिनिहरूको अवस्था अल्पसंख्यक समुदायहरू भन्दा पनि ज्यादै ज्यादतीपुर्ण रहेको छ किनकि राज्य, अतिवादी तत्वहरू लगायत घरायसी स्तरमा समेत तिनीहरूको विश्वास, अधिकार र स्वतन्त्रता माथि नृशंतापूर्ण व्यवहार गर्ने गरिएको छ । गत वर्ष ओस्लोकोको शान्ति अनुसन्धान संस्थानको साझेदारीमा जर्जटाउनको महिला शन्ति र सुरक्षा निकायद्धारा प्रकाशित सुची अनुसार विश्वको १५३ वटा देशहरूको स्तर निर्धारण गर्दा महिलाहरू विरूद्धको ज्यादती र वित्तिय समावेशीकरण सुचिमा एसियामा सबभन्दा नराम्रो अवस्थामा पाकिस्तान १५० औ स्थानमा सुचीकृत गरिएको थियो । परवर्ती सरकारहरूले समेत आधी जनसङ्ख्या भएको 'बहुसंख्यक अल्पसंख्यक' महिलाहरूलाई पारम्पारिक रूपमा शिक्षा, रोजगारी क्षेत्र र राजनीतिको क्षेत्र वञ्चित राख्दै आएको छ जबकी पाकिस्तानका सस्थापक पिता मुहम्मद अली जिन्नाको घोषणा "महिलाहरूलाई कैद जस्तै घरको चारदीवारी भित्र बन्द गरेर राख्नु मानवता विरूद्धको अपराध हो" रहेको थियो । तर, राज्यले पनि तिनीहरूलाई अतिवादीहरूको विचारधारा र दबाबमुलक परम्पराहरू भित्र हालसम्म समाजको बन्धनमा पूर्णरूपले राख्दैआएको




देखिएको छ । पाकिस्तानमा महिलाहरू घरभित्र नै आफन्तहरूबाट समेत ज्यादै सताईदैको प्रतिफलस्वरूप हजारौ युवतीहरूलाई आफ्नै पिता र भाईहरूद्धारा तिनीहरूको इच्छा विपरीत बिहे गरेर हत्या गरेर त्यसलाई सम्मानजनक मृत्यु भन्दै नयाँ कानुनमा भएको थुप्रै दण्डसजायको प्रावधान र बढ्दो सचेतना विपरीत पनि आफ्नै परिवारका सदस्यहरूद्धारा निरन्तर रूपमा हत्या गर्ने गरिएको छ । सन् २०१७ मा पाकिस्तान मानव अधिकार आयोगद्धारा प्रकाशित एक प्रतिवेदन अनुसार २०१४ र २०१६ को अवधिमा त्यसै आरोपमा २७०० महिलाहरूको हत्या गरीएको थियो । डा.नादिया आगा जस्तो विद्वानको जनवरी ०४, २०१७ को 'डान' अंग्रेजी दैनिकमा प्रकाशित लेख अनुसार -'पितृसत्तात्मक विचारधारा' को पुष्टि गर्न नियन्त्रण हुनु हिसांलाई प्राय : शास्त्रको रूपमा प्रयोग गर्ने गरिएकाले पाकिस्तान विश्वमै महिलाहरूप्रति ज्यादती गर्ने गर्ने सबभन्दा नराम्रो देश बन्न पुगेको छ । "सम्मानजनक हत्या" विरूद्धको नयाँ कानुन लागु भए पनि त्यस्ता हत्याको संख्यामा कुनै कमी आएको छैन" अग्रणी अंग्रेजी दैनिक 'डान' ले सेप्टेम्बर २०१८, मा महिलाहरूको बहुसंख्यक समुदायलाई आफ्नै परिवारका सदस्यहरूले त्यस्तै निहुँमा हत्या गर्दै आएका छन् । महिलाहरूको स्वतन्त्रता माथि जघन्य हत्या कार्यलाई पित्तृसत्तात्मक समाजको प्रतिफलका रूपमा लिने गरिएको छ राज्यले समेत महिलालाई शैक्षिक अवसर प्राप्त गर्न सकेको छैन भने १८ वर्ष भन्दा अगाडी केटीहरूको बिहे नगर्ने कानुनको प्रत्याभुति दिन असमर्थन रहेको छ । युवतीहरूलाई विद्यालयमा पढ्न जाने स्वीकृति छैन ।

संयुक्त राष्ट्रको पाकिस्तान सम्बन्धी ग्रामीण महिलाको २०१८ को प्रतिवेदन अनुसार केटीहरूलाई स्वास्थ्य, शिक्षा, प्रशिक्षण र यातायात समेतमा ग्रायता नदिई केटाहरूलाई मात्र त्यस्तो अवसर प्रदान गरिएको छ । एक अध्ययन अनुसार २०१० देखि २०१५ को अवधिमा पाकिस्तानमा पाँच लाख भन्दा बढी महिलाको हत्या गरिएको थियो । एक गैर सरकारी संस्था इदी फउन्डेशनको २०१७ को प्रतिवेदनन अनुसार ३५५ जना बालकलाई देशभरीमा मारेर फोहोरमा फालिएको थियो , जसमध्ये कराचीमा नै १८० जना फालिएको थियो । केटाकेटीहरूको आधी जनसंख्यालाई जन्मदा साथै निर्मतापूर्वक फोहोरमा फाल्ने गरिएको छ ।

*–एजेन्सीको सहयोगमा*

# प्रधानमन्त्री खानले कुनै आश्वासन दिएका छैनन्

अल्लाबक्श

जब इमरान खान पाकिस्तानको मन्त्री भए, तब पाकिस्तानका हिन्दुहरूले सोचेका थिए कि सुरक्षा र संरक्षणको स्थिति राम्रो हुनेछ तर खानले सत्तासीन भएको दुई महिना पश्चात जीवन र स्वतन्त्रको अझ कष्टप्रद मात्र बन्न पुगेको छैन कि सिन्धुका हिन्दू केटीहरू मुसलमानले ज्यादतीसँग झन\ बढी जुझ्दै आउनु परेको छ । र त्यसै कारणले 'एक्स प्रेस ट्रीक्यून' पत्रिकाका पूर्व सम्पादक कमाज सिद्दीकीले फ्रेवुअरी १२, २०१८ अंकमा आफ्नो लेख मार्फत यस प्रकार टिप्पणी गरेका छन् । "प्रत्येक वर्ष स्थानीय प्रहरीको सहकार्यमा सयां} हिन्दू केटीहरूलाई अज्ञात व्यक्तिहरूले जबरजस्ती अपहरण गरेर पहिला जस्तै बलपूर्वक इस्लाम धर्ममा परिर्वतन गर्दै आइरहेका छन् । विगतमा सुफीहरू र सहिष्णुताको भुमि रहेको सिन्धमा उग्रवाद बढ्न थालेको कारण थुप्रै बाहिरबाट आउनेहरू आफ्नो विगतको अनुभुति सम्झन थालेका छन् "हुन त इमरान खानले आफ्नो चुनावको अभियानका क्रममा अवाक्षिछत तत्वहरूले कानुनले उल्लंघन गरेमा तिनीहरू विरूद्ध उनले सख्त कारवाहि गर्ने छन् तर उनको पार्टीले त्यस्तो उग्र पीरलाई मानोनयन गरेको छ । जो हिन्दू केटीहरूलाई जर्बजस्ती धर्म परिर्वतन गराउने समुदायको अगुवा रहेको थियो । संञ्चारमाध्यहरू मार्फत उसको विरूद्ध प्रचार गरिए पछि उसको नाम



उम्मेदवारको सुचीबाट हटाइए पनि त्यसको प्रतिफल स्वरूप गत दुई महिना देखि सिन्धमा हिन्दू समुदाय विरूद्ध भयावह स्थिति श्रृजित गरिएको छ ।

यस वर्षको प्रारम्भमा वर्मिधम विश्वविद्यालयबाट पाकिस्तानी संचार माध्यम र गैरसरकारी संस्थाहरूलाई उल्लेख गर्दै हिन्दु र ईसाई परिवारका १ हजार भन्दा बढी केटी र महिलालाई अपहारण गरेपछि जर्बजस्ती धर्म परिर्वतन गरेर अपहरणकर्ताले नै तिनीहरूसँग प्रति वर्ष विहे गर्दै आएको समाचारमा सार्वजनिक गरिएको थियो । मानव अधिकार आयोग पाकिस्तानका पूर्व उपाध्यक्षको भनाई उल्लेख गर्दै पाकिस्तानमा प्रत्येक महिना २० हिन्दु केटीहरूको अपहरण गर्ने गरिएको कुरा प्रतिवेदनमा उल्लेख गरिएको थियो । प्रतिवेदनामा "अल्पसंख्यकहरूलाई राज्यको तर्फबाट आवश्यक सुरक्षा प्रदान गरिनुका साथै न्याय पाउनबाट समेत वञ्चित गरिएको" कुरा उल्लेख गरिएको प्रतिवेदनले थुप्रै धार्मिक संस्थाहरू, स्थानीय मस्जिद तथा शिक्षा स्थलहरू अपहरणकर्ताहरूको नियन्त्रणमा रहेको उल्लेख यथास्थिति बारे यसप्रकार स्पष्ट गरेको छ । "केही संगठनहरू जस्तै -मिनहज -उल-कुरान आफ्नो अधिकारीक नीति अनुरूप नियमित रूपमा अल्पसंख्यक समुदायहरूलाई सफल धर्म परिर्वतनका लागि पुरस्कार प्रदान गर्दै धर्म परिर्वतन गर्ने अभ्यास अथवा कार्यलाई प्रोत्साहित गर्दै आएको छ । तिनीहरू धर्म परिर्वतन गर्ने कार्य हज-ए-अकदरी अथवा मुसलमानहरूको सबभन्दा ठुलो धार्मिक कर्तव्य भएको समेत भन्ने गरेका छन् । द डेली टाइम्स पत्रिकाले अक्टोबर २४, २०१८ ले त्यस मुद्धालाई प्रान्तिय सरकारले वैधानिक रूपमा त्यसलाई पुनर्जीवित गर्ने कार्यलाई बन्द गर्नुपर्छ किनकी हिन्दु समुदायले त्यसलाई 'जाति संहार' जस्तै ठानेको छ । सन् २०१६ मा सिन्ध सरकारले त्यस विधेयकलाई पहिलो पारित गर्न खोजेको थियो तर राजनीतिक परिर्वतनका कारण गर्न सकेन र राज्यपालले समेत त्यस विधेयक माथि हस्ताक्षर गर्न अस्वीकार गरेको थियो तर त्यसको पछाडी अतिवादी तत्वहरूको दवाव रहेको थियो । कोहि पनि आस्वश्त छैन कि इमरान खानले अतिवादी नेताहरूमाथि कारवाही गर्ने आँट गर्न सक्नेछन् । हालै आतंकवादी नेता हफिज सईदको दबाब र प्रभुत्वका कारण नयाँ प्रधानमन्त्रीले आफ्नो आर्थिक सल्लाहकार परिषद\बाट अहमदी समुदायका प्रमुख अर्थशास्त्रीलाई मुक्त गर्न बाध्य हुनु परेको थियो । यस प्रकार सिन्धमा हिन्दू केटीहरूको अवस्था पूर्ववत् नै घोर निराशाजनक रहेको छ ।

# पाकिस्तान : एक असफल राष्ट्र !

प्रधानमन्त्री इमरान खानले दुई महिना विश्वको भ्रमण गरेर प्रशस्त विदेशी मुद्राको आयात गरेर जुन संचय गरेका छन् , त्यसले पाकिस्तानलाई माग्ने राष्ट्रको रूपमा चित्रित गरिदिएको छ । जो हाल बेइजिंगको भ्रमण गर्ने बखत पाकिस्तानको टेलिभिजनबाट प्रदर्शित दृश्यबाट पाकिस्तानको क्रियाकलापबाट सार्वजनिक हुन आएको छ । हालै इमरान खानले चिनको भ्रमण गर्ने बखतमा चीनले सहयोगका लागि जुन शर्त्त र अवस्थाको दृश्य प्रदर्शित भएको छ, त्यसबाट त्यो झन\ स्पष्ट हुन आएको छ । सबैलाई थाहा छ कि साउदी अरबियाले पाकिस्तानलाई अमेरीकी डलर ६ बिलियन ऋण दिन भुक्तनीका लागि जुन सर्त्त राखेको छ, त्यसबाट स्पष्ट हुन आएको छ । त्यसैले पाकिस्तानले चाँडै अन्तर्राष्टिय मुद्रा कोषसँग ऋणका लागि सम्पर्क राख्नु परेको छ ।

पाकिस्तानका वित्त मन्त्री असद उमारले बेइजिंगको चार दिनको भ्रमण पश्चात् चीनले पाकिस्तानलाई अमेरीकी डलर ६ विलियन प्रदान गरेको दाबी गरेका थिए । यसका अतिरिक्त चीनले चीन पाकिस्तान इकोनोमिक करिडोरप्रति जुन आभार गरेको छ, त्यो केवल पाकिस्तानका लागि मात्र नभएर विश्वभरका लागि सञ्चालित योजना हो किनकि त्यसले संलग्नता 'बेल्ट एण्ड रोड' जस्तो अनिश्चित स्रोत भएको कार्यक्रमसँग रहेको छ । जस विषयमा सि जिनपिङ्ग सरकारका मन्त्री मण्डलका सदस्यहरू आवश्यक छलफल गर्नेतिर लागेका छन् । पाकिस्तानले चीनका तीन वाणिज्य बैकहरू -चीन डेभलपमेन्ट बैंक अफ चीनबाट २०१७-२०१८ मा अमेरीकी डलर १.८ बिलियन द्धितीय पक्षीय आधारमा ऋण लिएको थियो । समग्रमा पाकिस्तानले गत आर्थिक वर्षमा विभिन्न बैंकहरूबाट अमेरिकी डलर १०.९१ बिलियन ऋण लिएको थियो समग्रमा यो स्पष्ट छ कि पाकिस्तान अतिवादी तत्वहरूको नियन्त्रणमा रहेको छ, जो पाकिस्तानलाई इस्लामिक राज्यको रूपमा परिवर्तित गर्न चाहन्छ । जसलाई (धामिक अतिवादीहरू) सरकारले पाकिस्तानमा लगाउन सक्दैन ।

इरफान हुसैनले 'डान' मार्फत पाकिस्तानमा वर्तमान अवस्थामा समाज र राज्यबीच रहेको संघर्ष शक्ति -असन्तुलन रहेको सम्बन्धमा स्पष्ट गरिसकेका छन् । तहरीक-ए-लबैक पाकिस्तान (टी.एल.पी) ले सेना प्रमुख जनरल बाज्वा, अहमदी भएकाले उनलाई बर्खास्त गर्न मात्र चुनौती दिएको छैन कि आसिया बीबीलाई सफाई दिने सर्वोच्च न्यायालयका तीन न्यायाधीशहरूलाई हत्या गर्ने चुनौती समेत दिइसकेको छ । जसबारे सर्वोच्च न्यायालय केही प्रतिवाद नगर्नू आश्चर्य लाग्दो कुरा छ ।

पाकिस्तानमा रहेको अर्को प्रभावशाली राज्यका प्रतिक धार्मिक प्रतिवादी समुदायहरू लगायतका विभिन्न क्षेत्रमा विशेष गरि सुन्नी अतिवादीहरूले अल्पसंख्यकहरूमाथि अत्याचार गर्द} आएका छन् किनकि तिनीहरू अतिरिक्त संवैधानिक प्रावधानहरू प्रयोग गरी सत्तामाथि नियन्त्रण गर्दै आएका छन् र यही सिलसिलताको निरन्तरता दिएर सर्वोच्च अदालतले आसिया बीबीको पक्षमा गरेको फैसला पश्चात अतिवादीहरूले अदालतमा विरोध गरेका थिए । राज्यविरूद्ध अतिवादीहरूद्धारा हालसम्मै यस्तै प्रकारका विरोधात्मक गतिविधिहरू संचालित हुँदै आएका छन् । यहाँसम्म कि प्रधानमन्त्रीको आर्थिक सल्लाहकार परिषद्का प्रख्यात अर्थशास्त्री आतिफ मिर्या अहमदी समुदायका भएकाले तिनलाई तुरून्तै आतंकवादी समुदायका सबै संगठनहरूले बर्खास्त गर्न दबाब दिएको बाट 'नयाँ पाकिस्तान' निर्माणको वाचा गर्नेसरकारको सही अवस्था स्पष्ट हुन आएको छ । पाकिस्तानमा दिन प्रतिदिन विकृति बढ्दै गएको कारण सेनाले गलत प्रक्रियालाई समर्थन गर्नु रहेको छ र सेनाले समेत त्यस गल्तिलाई महशुस गरेको छ । र त्यसै कारण अवाञ्छित तत्वले प्रश्रय पाएको छ । अन्तत : यो स्पष्ट हुन आएको छ कि पाकिस्तान आफ्नो स्वरूप र सिद्धान्तलाई विर्सनु नै उसको पतनको प्रतिक हो । आंशिक रूपमा त्यसो हुनुको कारण अमेरिकालाई सधै उसलाई सहयोग गर्नु रहेको छ । अहिले राष्ट्रपति ट्रम्पको दृष्टिकोणलाई हेर्दा अमेरिकाले पाकिस्तानलाई सहयोग गर्ने सम्भावना देखिन्न । अन्तरा{ष्ट्रिय मुद्राकोषले नपत्यायको प्रसँग हेर्दा अब अमेरिकाले पाकिस्तानलाई सहयोग गर्ने सम्भावना देखिन्न र त्यसैले थुप्रै अमेरिकी नेताहरूले पाकिस्तानलाई आफ्नो क्षमतामा सुधार ल्याउन अभिमत व्यक्त गरेका छन् । तिनीहरूले पाकिस्तानलाई 'पाक-चीनी भाई-भाई' को भनाइ परित्याग गरेर आफ्नो क्षमतालाई बलियो पार्न सुझाएका छन् किनकि चीनले पाकिस्तानलाई आफ्नो ऋणमा डुबाउन चाहेको छ ।

## "रोटी बेटी सम्बन्ध" विषयक कवि गोष्ठी सम्पन्न

जनकपुरधाम । रामजानकी विवाह महोत्सव अर्थात् विवाह पञ्चमीको अवसरमा नेपाल र भारतका कविहरूको गोष्ठी सम्पन्न भएको छ । नेपाल-भारत खुला सीमा सम्वाद समूहको आयोजनामा आइतबार "रोटी बेटी सम्बन्ध" बिषयक नेपाल र भारतको कविहरूद्धारा जानकी मंदिरको प्रांगणमा कवि गोष्ठी सम्पन्न भएको छ । कवि गोष्ठीमा नेपाल र भारतका २३ जना कविहरूको सहभागिता रहेको नेपाल-भारत खुला सीमा सम्वाद समूहका संयोजक राजीव झाले मधेशवाणीलाई जानकारी दिए । संयोजक झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि प्रदेश २ का सामाजिक विकासमन्त्री नवल किशोर साह, विशिष्ट अतिथिद्वय प्रदेशसभा सांसद सुरिता साह र जनकपुर उपमहानगरपालिकाका मेयर लाल किशोर साहलगायतका व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

## मन्त्री विश्वकर्मालाई भारतमा अवार्ड

काठमाडौं । युवा तथा खेलकूदमन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) 'डा अम्बेडकर अन्तर्राष्ट्रिय अवार्ड २०१८' बाट सम्मानित भएका छन् । दलित तथा पछाडि पारिएको वर्गको उत्थान, विकासका र अधिकारका लागि गरेको योगदानको सम्मान गर्दै भारतीय दलित साहित्य एकेडेमीले भारतको राजधानी नयाँदिल्लीमा आयोजित एक समारोहबीच मन्त्री विश्वकर्मालाईसो सम्मान प्रदान गरिएको हो । दलित आन्दोलनका अगुवा तथा भारतीय संविधानका निर्माता डा भीमराव अम्वेडकरको नाममा स्थापना गरिएको हो । दलित आन्दोलन, कला, साहित्य, अध्ययन र अनुसन्धानको क्षेत्रमा योगदान गर्ने व्यक्तिलाई एकेडेमीले प्रत्येक वर्ष पुरस्कृत गर्ने गरेको छ । मन्त्री विश्वकर्माले आफूले पाएको सम्मान, जातीय विभेद् र छुवाछुतविरूद्धको, सामाजिक न्याय, समानता र मानव मर्यादाको आन्दोलन, नेपाली दलितमुक्ति आन्दोलनकै सम्मान भएको बताए ।

## जिल्ला समाचार

### अनुदानको गहुँको बीउमा अनियमितता

राकेश यादव, रौतहट । रौतहटका किसानहरूका लागि प्रदेश सरकारले अनुदान स्वरूप उपलब्ध गराएको उन्नत जातको गहुको विउमा कृषक सहकारी सस्थाले व्यापक अनियमिता गरेको छ । ४४ रूपैयाँ प्रतिकिलोका दरले बिक्री गर्ने मूल्य निर्धारण गरेर प्रदेश सरकारले किसानका लागि पठाएका विउ डीलरहरूले कालाबाजारी गरेर भारतमा विक्री गरेका कारण किसानहरू अनुदानको विउबाट वंचित भएका हुन् । रौतहटमा ५९ मैट्रिक टन अनुदानको विउ आएको जिल्ला कृषि ज्ञान केन्द्रका रौतहटका प्रमुख राजनारायण यादवले बताएका छन् । सहकारी सस्था दर्ता गराएकाहरूले सस्तो मूल्यमा दिनु पर्ने विउ आफ्नो आफन्त, नाता गोताका व्यक्तिलाई दिएर विउको आभाव सृजना गरी अहिले ९० रूपैयाँ प्रतिकिलोका दरले विक्री गरिरहेका छन् । ब्रह्म भगवती कृषक सहकारी सस्थाका सर्फलाल राय यादवले पाएका अनुदानको ४ मैट्री टन गहुँको विउ कालाबाजारी गरी महंगो मूल्यमा विक्री गरेको समाचार स्रोतले जनाएको छ । यादवले गहुको विउ दिने भनी पसलमा बुलाएर एक्कासी विउ छैन भनी जवाव दिएपछि तनाव सहन गर्न नसकी हृदयघात परे पछि उक्त किसानको मृत्यु भएको बुझिएको छ ।

### प्रदेश नं ५ को हिउँदे अधिवेशन सुरू

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश नम्वर ५ को तेस्रो अधिवेशन चारमहिनापछि सुरू भएको छ । प्रदेशसभा भवन प्रदेश ५ को बुटवलमा सुरू भएको तेस्रो अधिवेशनमा प्रदेश सांसदहरूले प्रदेश सभाको सशक्त भूमिका लागि अन्तरप्रदेश परिषदको बैठकले गरेका निर्णयहरू कार्यन्वयनमा जोड दिएका छन् । प्रदेश सभाको भूमिका कमजोर हुँदै गएको जनताबाट गुनासो आइरहेको भन्दै सांसदहरूले संविधानले दिएको अधिकार क्षेत्र भित्र रही प्रदेश सदस्यहरूलाइ सकृय बनाउनुपर्ने बताए । प्रदेश सभाको बैठकमा बोल्दै नेकपा संसदीय दलका नेता भूमिश्वर ढकालले तेस्रो अधिवेशनमा सत्ता पक्ष र प्रतिपक्ष नभई विषयमा केन्द्रित छलफल र त्यसको निष्कर्ष निकाल्नु पर्ने वताए । उनले विगतका अधिवेशनहरूमा विद्येयकमा आवस्यक छलफल हुन नसकेको भन्दै व्यापक छलफलबाट ठोस निष्कर्षमा पुग्न तेस्रो अधिवेशन सफल हुनेमा आशा व्यक्त गरे । नेपाली कांग्रेसका प्रदेश सभा सदस्य डिल्ली बहादुर चौधरीले कर्मचारी प्रशासन र प्रहरी प्रशासन केन्द्रले संचालन गर्ने र विकासका काम स्थानीय तहले संचालन गरे पछि प्रदेशसभाको औचित्यमा प्रश्न उठेको वताए । चौधरीले सरकारको दिन प्रतिदिन बढ्दो घाटा बजेट पूर्ति कसरी गर्ने प्रश्न गरे। सरकार करवृद्धिमा लागेको भन्दै घाटा बजेट पूर्तिका लागि कर बढाउने त हाइन भन्दै आशंका व्यक्त गरे उनले सरकारलाई काम गर्ने वातावरण बनाउन वित्त आयोग तत्काल बनाउन समेत सुझाव दिए ।

### सप्तरी टिम चयन

चन्दनकुमार यादव, राजविराज । आठौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि कीर्तिमानी खेलाडी महबुव आलमको कप्तानीमा सप्तरी टिम चयन गरिएको छ । शुक्रबार जिल्ला खेलकुद विकास समिति सप्तरीको आयोजनामा राजविराजमा ३ दिनदेखि चलेको छनोट प्रतियोगिताबवाट अन्तराष्टिय खेलाडी महबुवको कप्तानीमा १४ सदस्यीय सप्तरी सिनियर टिमको चयन गरिएको हो । आठौं राष्टिय खेलकुदका लागि पुषमा हुने क्षेत्रीयस्तरीय क्रिकेट छनोट प्रतियोगिताका लागि सिनियर सप्तरी क्रिकेट टिम छनोट गरिएको खेलकुद विकास समितिका सदस्य तथा छनोट समितिका संयोजक रवि कुमार रायले बताए । छनोटमा परेका खेलाडीहरूमा महबुव आलम कप्तान, गुणान्नद राय, बिवेक यादव, रोहित सिंह, अनिल यादव, अमित कुमार यादव, रोहन विक, राहुल मण्डल, विकास दास, निरज यादव, प्रज्जवल यादव, योगराज शर्मा, आषिश झा, अमित कुमार दास चयन भएको छनोट समितिका सदस्य चन्दनकुमार यादवले जानकारी गराएका छन् । यसैगरी छनोट समितिले बैकल्पिक खेलाडीहरूमा पप्पु कुमार यादव, गुमान्नद मण्डल, प्रशान्त सिंह र अभिनाश यादवलाई छनोट गरिएको छ ।

### प्रदेशसभाको बैठक अनिश्चित

धनगढी । सुदूरपश्चिम प्रदेश सरकारले छलफलका लागि विधेयकको प्रस्ताव दर्ता गराउनमा गरेको ढिलाइका कारण प्रदेशसभाको तेस्रो अधिवेशन (हिंउदे अधिवेशन) अनिश्चित बनेको छ । सरकारले प्रदेशसभा सचिवालयमा अहिलेसम्म कुनै प्रस्ताव दर्ता नगरेको कारण हिउँदे अधिवेशन कहिले बस्ने भन्ने टुङ्गो लाग्न नसकेको प्रदेशसभा सचिवालयका सचिव बालाराम शर्माले राससलाई बताएका छन् । संविधानबमोजिम एक अधिवेशन अन्त्य भएको मितिले छ महीनाभित्र अर्को अधिवेशन आह्वान गरिसक्नुपर्ने प्रावधान रहेको छ । सुदूरपश्चिम प्रदेशसभाको गएको असोज २३ मा वर्षे अधिवेशन अन्त्य गरिएको थियो । "सरकारले प्रदेशसभालाई बिजनेस दिन सकेनू, शर्माले भने, छलफलका लागि कार्यसूची नभएपछि बैठक पनि कहिले बस्ने भन्ने टुङ्गो लाग्न सकेको छैन । प्रदेशसभाले सरकारको कार्य सञ्चालनसम्बन्धी कतिपय ऐन पारित गरिसकेको भए पनि जनतासँग सरोकार राख्ने ऐन भने अझै बनाउन सकेको छैन । वन तथा वातावरण, पर्यटन, उद्योग, प्राकृतिक स्रोत, योजना आयोग लगायत महत्वपूर्ण क्षेत्रका ऐन अझै बन्न बाँकी छन् ।

### रेडियो वीरगंज १७औं वर्षमा प्रवेश

वीरगन्ज । मध्यतराइकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्ज आफ्नो नियमित प्रशारणको १६ बर्ष पुरा गरि १७ बर्षमा प्रवेश गरेको छ । १६ वर्ष पुरा गरि १७ वर्ष सम्ममा पाइला टेक्दासम्मको यो अबिराम यात्रामा आएका विभिन्न उतारचढाव र समाजप्रति रेडियोले निभाएको भुमिका आगमी दिनमा अझै प्रभावकारी र शसक्त ढंगले अगाडि बढाउने रेडियोका कार्यकारी अध्यक्ष ध्रुव साहले प्रतिबद्धता जनाएका छन् । बिभिन्न समसामयिक, मनोरन्जनात्मक तथा सुचनामुलक कार्यक्रमहरू प्रशारण गर्दै आएको रेडियो बीरगंजले श्रोता, विज्ञापन दाताहरूबाट आज सम्म पाएको माया आउँदा दिनमा पनि पाइरहने बिश्वास लिएको छ । रेडियोले संधै समाजीक भावनाको उत्तरदायीत्व बहन गर्दै आफ्नो कार्यहरू अघि बढाइ रहने कार्यकारी अध्यक्ष साहद्धारा आज जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

### ईशनाथ खुल्ला दिसामुक्त घोषणा

रौतहट । रौतहट जिल्लाको ईशनाथ नगरपालिका १५औं खुल्ला दिसामुक्त नगरपालिका घोषणा भएको छ । यससँगै रौतहटमा १७ स्थानीय तह खुल्ला दिसामुक्त भइसकेका छन् । २ वटा गाउँपालिका र १५ नगरपालिका खुल्ला दिसामुक्त भइसकेका छन् भने १८औं स्थानीय तहको रूपमा शुक्रबार वृन्दावन नगरपालिका खुल्ला दिसामुक्त घोषणा हुने कार्यक्रम समेत रहेका छन् । वृन्दावन पछि जिल्ला खुल्ला दिसामुक्त घोषणा हुने छन् । नगर स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले आयोजना गरेको खुल्ला दिसा मुक्त घोषणा समारोहमा प्रमुख अतिथि जिल्ला समन्वय समितिका अध्यक्ष राम एकवाल राय यादवले नगरपालिका खुल्ला दिसा मुक्त घोषणा र प्रतिवद्धता पत्र बाचन गर्दै ईशनाथ नगरपालिका खुल्ला दिसामुक्त नगरपालिका भएको घोषणा गरेका छन् ।

### सामाजिक सेवा बनाउन जोड

वीरगन्ज । वीरगन्ज महानगरपालिकाका नगरप्रमुख विजय कुमार सरावगीले आर्थिक विपन्न एवम पिछडिएका वर्गहरूलाई निःशुल्क चिकित्सा सेवा प्रदान गर्न अनुरोध गरेका छन् । वीरगन्जको छपकैयामा खुलेको एशिया मेडिकेयर हस्पीटलको उदघाटन गर्दै नगर प्रमख सरावगीले यस्तो धारणा व्यक्त गरेका हुन् । उनले विरामिलाई प्रदान गरिने सेवालाई स्तरीय बनाउने कुरामा जोड दिंदै चिकित्सा सेवालाई आर्थिक मुनाफाभन्दा पनि सामाजिक सेवाको रूपमा स्थापित गनुपर्ने आवश्यकता रहेको बताए । नगर प्रमुख सरावगीले अस्पतालहको व्यवस्थापनलाई नियमसंगत र प्रमावकारी बनाउन आवश्यक रहेको बताउँदै समय समयमा आर्थिक विपन्न तथा दलित वर्गको लागी स्वास्थ्य केम्पहरू चलाउनु संचालकलाई सुझाव समेत दिए । अस्पताल व्यवस्थापन समितिका संचालक सुरज सर्राफको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा वडा अध्यक्षद्धय शेख अबास, बैजुलाल स्वर्णकार र गन्डकि विकास बैकका व्यवस्थापक मुकेश अधिकारी लगायतका व्यक्तिहरूले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

### हरनामपुर बालविवाहमुक्त वडा षोषणा

कपिलवस्तु । जिल्लाको दक्षिणी मायादेबी गाउँपालिका-७ साबिक हरनापुर गाविसलाई एक समारोहका वीच बाल बिवाहमुक्त घोषणा गरिएको छ । गाउँपालिकाको सो वडामा बाल बिवाह रोकिए पछि बाल बिवाहमुक्त घोषणा गरिएको हो । वडा अध्यक्ष जर्नादन चौधरीले वडामा बाल बिवाहको अवस्था बारे प्रतिबेदन प्रस्तुत गर्दै बाल बिवाहमुक्त भएको घोषणा गरेका थिए । यस बर्ष भएका कुल २५ बिवाह मध्ये एउटा मात्र बाल बिवाह भएको वडा अध्यक्ष जर्नादन चौधरीले बताए । २०७५ मा कुल बिवाह ३ मध्ये २५ वटा बाल बिवाह भएको थियो । गाउमा रहेका नौ बाल क्लयव एक युवा क्लव लगायतको अथक प्रयासले पछि रेको सो वडा बाल विबाहमुक्त बन्न सफल भएको बताईएको छ ।

# रामजानकी विवाह महोत्सवमा योगी आदित्यनाथ


विशेष विमानबाट ओर्लिंदै युपीका मुख्यमन्त्री योगी आदित्यनाथ ।


युपीका मुख्यमन्त्री योगी आदित्यनाथलाई स्वागत गर्दै प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलगायत ।


मुख्यमन्त्रीद्वय योगी र राउतसहित भेटवार्तामा ।


विवाह महोत्सव कार्यक्रमस्थलतर्फ प्रस्थान गर्दै मुख्यमन्त्री योगी ।


जानकी मन्दिरका महन्थलगायतका साधुसन्तसँग भेटघाट गर्दै मुख्यमन्त्री योगी ।


कार्यक्रममा उपस्थिति विभिन्न राजनीतिक दलका नेता कार्यकर्ता तथा बुद्धिजीबीहरू ।


कार्यक्रममा अभिवादन गर्दै मुख्यमन्त्री योगी ।

## फोटोफिचर


विवाह महोत्सवमा सामूहिक तस्वीर खिचाउँदै ।


विवाह महोत्सवको शुभकामना मन्तव्य व्यक्त गर्दै मुख्यमन्त्री योगी ।



मुख्यमन्त्री योगीलाई मायाको चिनोस्वरूप प्रतिमा हस्तान्तरण गर्दै ।


अभिनन्दन कार्यक्रममा सहभागी मुख्यमन्त्री योगी ।


मायाको चिनोस्वरूप जानकी मन्दिरको तस्वीर प्रदान गर्दै ।




## खेलकुद मन्त्रीद्वारा भारतीय नेताहरूसँग भेटघाट

काठमाडौं । भारत भ्रमणमा रहेको नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री तथा नेकपाका नेता जगत बहादुर सुनार विश्वकर्माले भारतका विभिन्न नेताहरूसँग भेटघाट गरेका छन् । भारतस्थित नेपाली दूतावासमा मन्त्री विश्वकर्माले सत्तारूढ भारतीय जनता पार्टी (बिजेपी) का केन्द्रीय उपाध्यक्ष दुष्यन्त गौतम, विजेपीकै प्रवक्ता तथा पूर्व अनुसूचित जाती तथा जनजाती आयोगका अध्यक्ष डा. विजय सोनकर शास्त्री, विजेपीका लोकसभा सांसद डा. उदित राज र कांग्रेस आईका हरियाना प्रदेशका अध्यक्ष, अशोक तनवारसँग द्विपक्षीय भेटघाट गरेका हुन् । भेटमा दुई देशबीचको सम्बन्ध र पार्टीहरूका बीचको सम्वन्धलाई अझ सुमधुर वनाउने विषयमा छलफल भएको छ । भेटका अवसरमा भारतीय नेताहरूले नेपालको विकासका वारेमा जिज्ञासा राखेका थिए । साथै उनीहरूले भारतमा अनुसुचित जाती तथा जनजातीको अधिकारका वारेमा भएको प्रगतीका वारेमा जानकारी गराएका थिए ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं